Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- १७, २०७६ साल पुस १ गते मंगलबार (Dec 17, 2019) www.janaakash.com.np रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# स्वाभिमान देश बनाउन के के गर्नुपर्ला ?

- देशलाइ अधिक माया गर्ने नेतृत्व
- कामा गर्ने जागरिलो
- विदेशीले देला र खाउला भन्ने सोच नभएको
- हाम्रो देश हामीले नबनाए बिकशीत नेपाल देखिदैन भन्ने सोच भएको
- नेपालको जुनसुकै भु भागमा सम्भावना नै सम्भावना दख्न सक्ने
- आत्मर्निभरमुखि योजना बनाइ काम गर्ने

**मोहन कार्की**

–देशले रगत मागे मलाइ वलि चढाउ रुदिनन् मेरी आमा देशको लागि छोरो मर्दा ,
हो
यतिवेला देशले धेरै कुरा मागेको छ ।

देशको सीमाना भारतीय नक्सामा बिषय प्रष्ट पारी सन् १९६२ मा चीन र भारतको युद्धको बेला भारतीय घाइते सेनाहरुलाइ मानवीय संवेदना सम्झेर नेपालको भुमि दिएको कुरा इतिहासले पुष्टि गरेको छ। त्यो नेपालको भुमि खाली गर्न नेपालीहरुले भारतको सरकारलाइ भन्दै आएका थिए। तर भारतले आनाकानी गर्दै आइरहेको थियो। एक महिना अघि मात्र भारतले राजनीतिक नक्सामा नेपालको भुभाग कालापानी र लिपुलेक समेटेर प्रकाशन गरेपछि नेपालीहरुको मनमा चिसोत पस्यो पस्यो रगत उम्लेर पनि आएको छ । अरुवेला पार्टी वाद गुटको कुरा गरेर दिन नेपालीहरुमा यतिवेला देशको बिषयमा भने एकमत भएकाछन् र नेपालको भुभागमा बसेका भारतीय सेनाहरुलाइ नेपालको भुमि छोडेर खालि गर्न भनेका छन्। नेपालीहरुले यतिवेला सवै नेपालीलाइ नेतृत्व दिन सक्ने देशभक्त राष्ट्रवादी अज्झ भन्ने हो भने देशभक्ति भावनाले ओतप्रोत भएको व्याक्तित्वले नेपालको नेतृत्व गरोस भन्ने चाहेका छन्। नेपालीहरुले नेपाललाइ बिकाशको लागि नेपाल मै बसेर पढेका, नेपाल मै स्थपना भएका पार्टीको सदस्य लिइ प्रशिक्षित भएका नेतृत्वहरुले देश चलाउनु पर्छ भन्ने माग गरेका छन्। नेपालले प्रत्येक बर्ष नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल सुरक्षा निकायलाइ मात्रै अरवौ रुपैयाको सैन्य तथा वन्दावस्तिका सामानहरु खरिद गर्दै आएको छ ।

ति सामानहरु नेपाल मै उत्पादन गर्न जस्तो सुकै चुनौति ब्यहोरेर भएपनि शुरु गर्न नेपालीहरुले आवाज उठाउन थालेका छन् ।

देशमा क्रान्त्रिको नाममा धेरैवटा पार्टीहरुले आफ्नै नेपाली दाजुभाइ मारेर राणा साशन फालेपछि, कसैले राजतन्त्र फालेपछि कुटनैतिक पहल गरेर नेपालको कालापानी, सुस्ता मानेभन्ज्याङ, भठाबारी लगायत ठाउहरुको नाम लिदै राजनीति गरेका थिए। भने नेकपा माओवादीले त जनयुद्धताका विस्तारवाद विरुद्ध सुरुङयुद्ध घोषणा गरेर ठुलै राष्ट्रवादी जस्तो देखाउने भाषण गरेको थियो। र साकेतिक रुपमा एउटा कुलो जस्तो सुरुङ पनि बनाएको थियो। तर नेपालको राजतन्त्र फाल्न त्यही भारतको सरण बाँकी ८ पृष्ठमा

# कारागार बाख्राको खोर जस्तो

काठमाडौं। जिल्ला कारागार स्याङ्जामा रहेका कैदीबन्दीहरुले शौचालयका साथै खानेपानीको समस्या भएको बताएका छन्। कारागारको क्षमताभन्दा कैदीबन्दीको सङ्ख्या बढी भएकाले कैदीबन्दीहरुलाई शौचालयदेखि खानेपानीका साथै सुत्नसमेत समस्या भएको कारागार प्रमुख चूडामणि भण्डारीले बताउनुभयो। पचास जनाको क्षमता भएको जिल्ला कारागारमा हाल १५७ कैदीबन्दीलाई राखिएको छ।

कारागारमा कैदी जीवन बिताइरहेका दुर्गाप्रसाद चापागाईंले पानीको समस्याले सरसफाइमा समेत समस्या परेको बताउनुभयो। चापागाईंले भन्नुभयो, यहाँ यति धेरै जना कैदीबन्दी छौं तर पर्याप्त शौचालय नहुँदा शौचालय जाँदा लाइन लागेर बस्नु पर्ने बाध्यता छ। चापागाईंका अनुसार शौचालय जानका लागि एक घण्टासम्म पालो कुर्नु पर्ने हुन्छ। अर्का कैदीबन्दी दिनेश गुरुङले कारागारमा सुत्ने ठाउँको अभावले पालैपालो सुत्नु पर्ने अवस्था आएको बताउनुभयो।

कारागार प्रमुख भण्डारीले कारागारको साँघुरो संरचना र कैदीको सङ्ख्या बढी भएकोले विभिन्न प्रकारका समस्या आउने गरेको र आफुले कारागारको अवस्थाका बारेमा सम्बन्धित निकायमा जानकारी गराए पनि समस्याको समाधान हुन नसकेको बताउनुभयो। उहाँले कारागारमा पानी, शौचालयका साथै कैदीबन्दी बिरामी हुँदा सवारी साधनको अभावमा समयमै उपचारका लागि लैजान समस्या हुने गरेको बताउनुभयो।

कारागारमा रहेका कैदीबन्दीहरुले बेलाबेलामा अनुगमनका लागि भनेर धेरै मानिसहरु आउने गरे पनि आफुहरुको समस्याको समाधान नभएको गुनासो गरेका छन्। कारागारमा ५० जनाको क्षमता भए पनि हाल ११ महिला र १४६ पुरुष गरी १५७ जना कैदीबन्दी रहेका छन्।

# देउवा र रामचन्द्रको कहानी

## महाधिवेशन कांग्रेसको अपडेट





काठमाडौं। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसमा यतिखेर पार्टीको १४औं महाधिवेशनको बहसले प्राथमिकता पाएको छ। पछिल्लो समय यही विषयले पार्टीको केन्द्रीय कार्यसमिति बैठकसमेत प्रभावित हुँदै आएको छ।

गएको मंसिर २६ गतेको केन्द्रीय समिति बैठकमा १४औं महाधिवेशनको कार्यतालिका पेस गर्नुपर्ने आफ्नो माग पूरा नभएको भन्दै वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षका नेताहरू बैठकमा उपस्थित भएनन्।

त्यही विषयमा सहमतिका लागि छलफल गर्न सभापति शेरबहादुर देउवा शनिबार वरिष्ठ नेता पौडेल निवास बोहराटार पुग्नुभएको थियो। पार्टी उपसभापति विमलेन्द्र निधि सम्मिलित छलफल झण्डै एक घण्टा चले पनि उहाँहरूबीच सहमति जुट्न सकेन। भेटमा वरिष्ठ नेता पौडेलले पार्टीको १४औं महाधिवेशनको कार्यतालिका तत्काल सार्वजनिक गर्नुपर्ने अडान दोहोर्‍याउनु भएको थियो। सभापति देउवाले भने पार्टीका अन्तरिम समायोजनसम्बन्धी कार्य सम्पन्न गरी केन्द्रीय निर्वाचन समितिले महाधिवेशनको कार्यतालिका तय गर्ने बताउनु भएको थियो। सहमतिकै प्रयासस्वरूप उपसभापति निधि र नेता प्रकाशमान सिंहलगायत नेताहरूबीच शनिबार साँझ तथा उपसभापति निधि र महामन्त्री डा. शशांक कोइरालाबीच आइतबार बिहान छलफल भएको थियो। नेता पौडेल पक्ष निकट केन्द्रीय सदस्य दिलेन्द्र बडूले १४औं महाधिवेशनको कार्यतालिका यही बैठकबाट सार्वजनिक गर्नुपर्ने आफूहरूको 'बटम लाइन' भएको बताउनु भयो। आफ्नो माग पूरा नभएको भन्दै नेता पौडेल पक्षका नेताहरू बाँकी ८ पृष्ठमा

# सिन्धुपाल्चोकमा र्दुदशा

काठमाडौं। सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-७ स्थित लामोसाँघु-जिरी सडकको ६ किलोमा




आइतबार भएको बस दुर्घटनामा एकै गाउँका १७ जना परेपछि गाउँ शोक र चिन्तामा डुबेको छ।

दुर्घटनामा १५ मृतकमध्ये आठजना सिन्धुपाल्चोक जिल्लाका छन्। त्यसमध्ये जुगल गाउँपालिका-७ याङलाकोटका १५ महिने बालिकासहित पाँचको मृत्यु भएको र १२ जना घाइते भएपछि गाउँ शोक र चिन्तामा डुबेको हो। दुर्घटनामा एकै परिवारका सबै तीनमध्ये आमाछोरीको मृत्यु भएको र बाबु गम्भीर अवस्थाको घाइते भई अस्पतालमा उपचार गराइरहेकाले मृतकको नाममा रुने व्यक्तिसमेत नभएको पालिकाकी उपाध्यक्ष सिर्जना तामाङले बताउनुभयो।

दुर्घटनामा एकै परिवारको पाँचजनासम्म परेका छन्। श्रीमती र दुई छोरीको मृत्यु भएको र बाबु र छोरी घाइते भएपछि शव बुझ्ने व्यक्तिसमेत नभएको गाउँपालिकाका अध्यक्ष होमनारायण श्रेष्ठले बताउनुभयो।

दुर्घटनामा गाउँका मानिस धेरै परेपछि अनलाइनबाटै पालिकाको आकस्मिक बैठक बसी गाउँ विपद् कोषबाट प्रत्येक मृतकको किरिया खर्चबापत आफन्तलाई जनही रु ५० हजार प्रदान गरिएको छ। घाइतेको रेखदेखका लागि समिति गठन गर्नाका साथै शोक बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# भारतीय कम्पनीहरुलाइ नेपालमा प्रतिवन्ध लगाऔं

नेपालको राष्ट्रिय गौरवको आयोजना मानिएको माथिल्लो तामाकोशी जलबिधुत आयोजना भारतीय कम्पनीको कारण ढिलो हुने भएको छ । तामाकोशीको माथिल्लो ठाडो सुरुङगमा पाइप जडान गर्ने काम अत्यन्तै सुस्त गतिमा भइरहेको छ । माथिल्लो ठाडो सुरुङमा पाइप जडान सक्न अझै १२ महिना आयोजनाको ३१० मिटर गहिरो माथिल्लो ठाडो सुरुङ जडान गर्न २ को ठेक्का प्याकेज अन्तर्गत हाइड्रो मेकानिकल सामनको आपूर्ति तथा जडान कार्यको ठेकेदार भारतीय कम्पनी टेक्सम्याको रेल्वे इन्जिनियरिङले गरिरहेको छ । त्यस भारतीय कम्पनीले सुस्त गतिमा सुरुङको का गर्दा ६ महिनामा जम्मा ६२.५ मिटर मात्र पाइप जडान गरेको छ । ३.६ मिटर चौडाइ, ५ मिटर लम्बाइ र १८ टन तौलका २ वटा ( १० मिटर) पाइप जडान गर्न ११ दिनदेखि २० दिनसम्म लगाएको छ । औसतमा १० मिटर पाइप जडान गर्न १५ दिन लगाएको छ । यो गतिलाई आधार मान्ने हो भने बाँकी २४८ मिटर पाइप जडान गर्न ३ सय ७२ दिन अर्थात् एक वर्ष ७ दिन लाग्छ । उसो त भारतले नेपालमा लिएका ठेक्काहरु कहिल्यै समयमा पुरा नगर्ने थुप्रे उदारण छन् । भारतले नेपालका खोलाहरु ओगटेर राखेको त सवैलाइ थाहा नै छ । जव नेपालमा भारतीय कम्पनीले काम जिम्मा लियो की नेपालको बिकाशमा बिलम्ब भयो भनेर जाने हुन्छ किनकी भारतले नेपाल बिकाश भएमा भारतलाइ नोक्सान पुग्ने जसरी सोच राख्ने गर्दछ त्यसकारण पनि भारतीय कम्पनी प्रति दिनप्रतिदिन नेपालीहरुको बिश्वास गुम्दै गएको छ ।

तल्लो ठाडो सुरुङमा पनि त्यस्तै अवस्था रहेको छ । आयोजनाको ३७३ मिटर गहिराइको तल्लो ठाडो सुरुङमा पाइप जडान कार्य लट (३ अन्तर्गत पावर हाउस निर्माण कार्यका लागि छानिएको ठेकेदार अस्ट्रियन कम्पनी एण्ड्रिज हाइड्रोले गरिरहेको छ । एन्ड्रिजले काम सुरु गरेकाले ६ महिनामा १ सय ६० मिटर पाइप जडान सकेको छ । हाल उक्त कम्पनीले ३.६ मिटर चौडाइ, ५ मिटर लम्बाइ र २७ टन तौलका २ वटा (१० मिटर) पाइप जडान गर्न ८ दिन लगाइरहेको छ । जडानको यो गतिलाई आधार मान्दा बाँकी २ सय १३ मिटर पेनस्टक पाइप जडान सक्न १ सय ८१ दिन अर्थात् ६ महिना ११ दिन लाग्ने देखिन्छ । यो पनि सन्तोष जनक देखिदैन । नेपालीहरुले राष्ट्रिय गौरबको आयोजनावाट बिधुत छिट्टै उत्पादन होस र नेपालीहरुले तामाकोशी जलबिधुत आयोजनामा समग्रमा सवै नेपालीहरुको सेयर रहेको छ । त्यो लगानी प्रतिफलको रुपमा आउने त छदैछ । त्यसको अलवा नेपालको जलबिधुत क्षेत्रमा राष्ट्रिया प्रशारण लाइनमा ४५६ मेगावाट बिधुत थपिदा भारतवात आयात गर्नुपर्ने बिधुत कटौति हुने छ ।

यसरी हरेक कोणवाट नेपाललाइ फाइदाको आयोजना यो वा त्यो बाहानामा भारतीय कम्पनीले ढिलो गदै आएको समाचार बिगतमा पनि आएका थिए त्यसकारण तुटीवस होइन नियतबस नेपालका ठेक्काहरु हड्प्ने र ढिला गर्ने गरेको हुदा नेपालमा भारतीय कम्पनीलाइ प्रतिबन्ध लगाउन ढिलो गर्नु हुदैन ।

# स्वच्छ पत्रकारितामा चोर बिरालो प्रबृति घातक

**मोहन पोखरेल**

**मोहन पोखरेल**

यस स्तम्भमा पत्रकार र पत्रिका बारे केही चर्चा गर्न खोजिएको छ । पत्रकारले आफ्नो व्यवसायीक धर्म निर्वाह गर्दै स्वच्छ पत्रकारिता गर्ने की ? अथवा पार्टीको संगठित क्रियाशिल सदस्यताको परिचय पत्र खल्तीमा राखेर चोरी पत्रकारिता गर्ने ? यस बिषयमा गम्भिर हुन जरुरी छ । सर्वप्रथम यस्ता बिषयको उठान गर्नु अगाडी यस्तै चोरी पत्रकारिता गर्नेहरुसँग ठ्याक्कै मेलखाने किसिमको एउटा चर्चित कथाको प्रशंग उठाउनु समय सान्दर्भिक हुन आउछ ।

एउटा ठुलो सिमलको रुखको टेडकामा गिद्धले गुड लगाएछ । गिद्धले बिस्तारै हुर्काउन थालेछ । बच्चाहरु ठुला भइसकेछन् । दुइटा भाले पोथी गिद्धले पालैपालो आफ्नो बच्चाको संरक्षण गर्ने निधो गरेछन् । भाले आहारा खोज्न जादा पोथीले संक्षण गर्ने र पोथीले आहारा खोज्न जादा भालेले संरक्षण गर्ने गर्दा रहेछन् । पालैपालो सँग यसरी दुइ भालेपोथि गिद्धले बच्चाको संरक्षण र पालन पोषण गर्न थालेपछि नजिक्कै रुखमा बसेको एउटा चोर बिरालोलाइ निक्कै डाहा भएछ । गिद्धका बचरा कसरी चोरेर खाने भन्ने दाउ खोज्न थाल्यो चोर बिरालोले ।

ब्डो कुटनीतिक पाराले चोर बिरालो डिद्धको गुड नजिक पुग्यो । बिरालोलाइ नजिकै देखेपछि भालेपोथी गिद्ध गराउदै भने ए त याहा किन आइस तँ त हाम्रा बचरा चोरेर खालास जस्तो छस् । बिरालोले भन्यो म त वाहुन बिरालो हुँ । विहानै उठ्छु , नुहाउछु , जपतप गर्छु , भगवान सम्झन्छु , अनि तुलसीको माला पहिरिन्छु , म सुद्ध साहाकारी बिरालो हुँ । मांसहारी होइन । हेर्नुसत मेरो छातिमा तुलसीको माला र चन्दन ।

इतिकुरो चोर बिरालोले भनिसकेपछि गिद्ध भालेपोथिलाइ

*पत्रकारिताको मर्म र अर्थ बिपरीत खोज्ने मानवीय धर्म बिर्सने खालका स्वनामधन्य पत्रकारवाट नेपाल पत्रकार महासंघ लगायत महासंघसँग आबद्ध संघ संगठनहरु सजग रहन जरुरी छ । अजै ताजुब र चिन्ताको बिषय के रहेको छ भने क बर्गको उच्च बर्गिकरणमा परेको एउटा दैनिक पत्रिका चलाउन नसकेर बेचेर खाने र साउको रिन तिर्न नसकेर लुक्दै हिड्ने बानी परेकाले के पत्रकार भन्दै हिड्ने ? नेपाल पत्रकार महासंघ चितवन शाखाले पत्रकारिता कसले गरेको छ , कसले गरेको छैन लेखाजोखा गदै सत्यतथ्य बाहिर ल्याउन सक्नु पर्दछ । बिगत ३५/४० बर्ष अघिदेखि पत्रकारिता गर्ने अग्रज अझैपनि जीवनको अत्तर्राधसम्म आ□नो कलमलाइ मर्न दिएका छैनान् । तिनिहरुको ब्यवसाहिक मर्यादा र पत्रकारिताको उच्च सम्मान गर्न केन्द्रदेखि मोफसल सम्म सवै सञ्चारकर्मीहरु एकजुट हुन सक्नु पर्दछ । वास्तविक पत्रकारिता नै यहि हो ।*

बिश्वास लागेछ , अनि भनेछन् याही बसत सुद्ध वाहुन बिरालो रहेछौं , तिमिले हाम्रो बच्चाको संरक्षण गरेर बस है । चार बिरालोलाइ के खोज्छस् कानो आखा भनेजस्तै भयो । बिरालोले गिद्धका बचराको संरक्षण गर्ने बाचा गर्दै गिद्धका भालेपोथिलाइ आहारा खोज्न पठायो ।

इता बिरालोले गुडमा रहेका सवै गिद्धका बचरा खाइदियो र आफ्नो बाटो लाग्यो । गिद्ध आहार बाक्दै आउदा गुडमा बच्चा देखेनान् । रुदै कराउदै अलाप बिलाप गरे । तर चोरको बिश्वासमा पर्दा केही लाग्दो रहेनछ ।

चोर बिरालो र गिद्धका ठ्याक्कै मेलखाने चोरी पत्रकारिता नेपाली पत्रकारितामा व्याप्त छ । खासगरी चितवनको हकमा भन्ने हो भने यस्ता खालका चोरी पत्रकारिता बढ्दै गएको र यसलाइ निन्यन्त्रण गर्ने निकाय मौन रहिदिदा र अझै भन्ने हो भने पार्टी पत्रकारितालाइ प्रसय दिइरहदा पत्रकारिता चोर बिरालो प्रबृति मौलाउने हो । पत्रकारितालाइ व्यवसायिक धर्म निर्वाह गर्दै आएका पुराना अग्रज पत्रकारहरुको नजिक चोर बिरालो प्रबृति झागिदै गएको र अग्रज तथा तिनले उत्पादन गरेका पत्रकारहरु वाहुन बिरालोका निशानामा परेका उदारण काफी छन् ।

समाचार लेखन होस वा कुनै विचार प्रधान लेख रचना वा कुनै सञ्चार सामग्रीको कपी पेष्ट गरी आफ्नो पत्रिकाको साजसज्जा बढाइ गौरवान्वित हुने यता लेखकको हुँमत लिने प्रबृतिले व्यवसायिक धर्म निर्वाह गर्दैन । पार्टीको आडमा - पत्रकार महासंघलाइ ) प्रभावमा पादै पार्टी पत्रकारिता गर्नेहरुको मनोवल उच्च राख्दै पुरुस्कृत गर्ने क्रम बढ्दै जानु नै पत्रकारिताका सवै अङ प्रत्याङगहरु धरापमा पदै जानु हो भन्न्मा कुनै दुइमत छैन । ४/५बर्ष अगाडीको कुरा हो । चितवनमा एक जना पत्रकारले एउटा दैनिक पत्रिकामा कुनै लेख लेखेछन् । त्यो लेखलाइ एउटा पत्रकारले शब्द तलमाथि पादै आफ्नो विचार लेख बनाएछन् । शिक्षासम्वन्धि राम्रो लेख लेखेवापत काठमाडौंको एउटा कार्यक्रमवाट २५ हजार नगद पुरुस्कार सहित सम्मान पत्र ग्रहण गरेछन् । यो कुरा स्वय लेखकले नै उसको नाम नबताउने सर्तमा यो स्तभकारलाइ भनेको



सम्झना आउछ ।

काठमाडौवाट प्रकाशित हुने केही राष्ट्रिय दैनिकमा प्रकाशित समाचारका महत्वपुर्ण अंशलाइ हुबहु इलेकट्रोनिक मिडियावाट बिहानको समयमा प्रशारण गर्ने त्यसको स्रोत नखोल्ने प्रबृति हवाँत्तै बढेको छ । आफैले लेखेको जस्तो गरी समाचार बाचन गर्ने श्रोताहरुलाइ अल्मलाउने जस्तो चोर बिरालो प्रबृतिले स्वच्छ पत्रकारितालाइ टेवा पुर्‍याउन सक्दैन ।

पत्रकारिताको मर्म र अर्थ बिपरीत खोज्ने मानवीय धर्म बिर्सने खालका स्वनामधन्य पत्रकारवाट नेपाल पत्रकार महासंघ लगायत महासंघसँग आबद्ध संघ संगठनहरु सजग रहन जरुरी छ । अजै ताजुब र चिन्ताको बिषय के रहेको छ भने क बर्गको उच्च बर्गिकरणमा परेको एउटा दैनिक पत्रिका चलाउन नसकेर बेचेर खाने र साउको रिन तिर्न नसकेर लुक्दै हिड्ने बानी परेकाले के पत्रकार भन्दै हिड्ने ? नेपाल पत्रकार महासंघ चितवन शाखाले पत्रकारिता कसले गरेको छ , कसले गरेको छैन लेखाजोखा गदै सत्यतथ्य बाहिर ल्याउन सक्नु पर्दछ । बिगत ३५/४० बर्ष अघिदेखि पत्रकारिता गर्ने अग्रज अझैपनि जीवनको अत्तर्राधसम्म आफ्नो कलमलाइ मर्न दिएका छैनान् । तिनिहरुको व्यवसाहिक मर्‍यादा र पत्रकारिताको उच्च सम्मान गर्न केन्द्रदेखि मोफसल सम्म सवै सञ्चारकर्मीहरु एकजुट हुन सक्नु पर्दछ । वास्तविक पत्रकारिता नै यहि हो ।

# गढीमाइमा काटिएका पशुकाहरुलाइ श्रद्धान्जली

काठमाडौं । बारा जिल्लास्थित गढीमाई मेलाको अवसरमा हुने




पशुवली प्रथालाई रोक्न चौतर्फी दवावका विच हजारौ पशु पन्छिहरुले अकालमा ज्यान गमाउनु परेकोले भन्दै श्रीकृष्ण प्रणामी समाजको आयोजना ति पशुहरुलाइ चिर आत्म कामना गदै श्रद्धञ्जली दिएका छन् । थुप्रे अहिंसाप्रेमी संघ संगठनहरुको सहभागितामा काठमाण्डौको माइतीघर मण्डलामा श्रद्धान्जली दिपप्रज्वलनको कार्यक्रम गरी कार्यक्रम सम्पन्न गरेका छन् । हजारौको संख्यामा सहभागीहरुले वलीका नाममा मृत्यु भएका पशुको नाममा वत्ती बालेर श्रद्धान्जली अर्पण गरिएको थियो । समाजले काठमाण्डौको मण्डलाका साथै अन्य जिल्लाहरुमा एकै समयमा श्रद्धान्जली सभाको आयोजना गरिएको श्रीकृष्ण प्रणमी परिवारले जानकारी दिएको हो ।

सो अवसरमा श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष श्याम केसीले हिन्दु धर्मको मुख्य मर्मूअहिसा परमो धर्मूभन्ने भावनामा पशुवलीले कुठाराघात गरेको छ भन्दै पशुवलीको विरोध गरेका थिए । आगामी दिनमा अझ ससक्त रुपमा पशु वलिको विरोधका कार्यक्रम गरिने बताउनु भएको थियो । त्यसैगरी नवराज ढकाल,शारदा सर्मा, मात्रृका प्याकुरेल लगायत बक्ताहरुले मन्दिरलाई बधशालामा रुपान्तरण गरेको प्रती खेद ब्यक्त गर्दै पशुपतिको देशमा पशुको हत्या तथा अत्यन्त अशोभनिय, र निन्दनिय कर्म हो भन्दै बुद्ध नेपालमा जन्मेका हुन् भनेर गर्व गर्न तवमात्र अर्थ रहन्छ जब बुद्धले देखाएको अहिंसाको बाटोमा हिंड्ने संकल्प हामीले गर्दछौं । सम्मानित सर्वोच्च अदालतबाट मिति २०७३/०४/२० मापशुवलीदिने, दिलाउने, कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा प्रोत्साहन वा सहयोग पुग्ने गरी सरकारको तर्फबाट कुनै कार्य नगरी त्यस्तो कार्यलाई निरुत्साहित गर्नु, गराउनुभनीनेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सिंहदरबार, काठमाडौंलाई समेत परमादेश जारी गरेको सन्दर्भमा पशुवली गरिनु निन्दनिय भएको हुदा समेत यस्ता पशु बिभत्स तरिकाले पशुको वली दिनु अत्यन्त निन्दनीय कार्यभएको बक्ताहरुले बताएका थिए ।

**Green Hut Lounge**
**&**
**Cafe with Banquet**

**तपाईहरुको सेवामा सधैं समर्पित छ ।**

स्वच्छ, सफा, पारिवारिक आनन्दमा बसेर सेवा लिन सक्नु हुनेछ ।
स्थानः चण्डोल चोक, काठमाडौं

**सम्पर्क नम्बर:०१-४४३४११३**

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# नेकपामा गुट मौलाउनु राम्रो होइन

**हामी अमेरिका, चीन, भारत कुनै पनि मुखी हुँदैनौं । नितान्त नेपाल मुखी हुन्छौं । यदि कोही कतै अरु मुखी भएको छ भने त्यसलाई सच्याउनुपर्छ भनेर म बारम्बार भनिरहेको छु । अब तपाईले चीनको बीआरआईका कुरा गर्नुभएको हो भने बेग्लै कुरा हो । सरकारका कतिपय कामहरु सकारात्मक छन, कतिपय छैनन् भनिएको छ । देश र राष्ट्रको हितमा गरिएका कामलाई हामीहरु सधैं सकारात्मक रुपमा लिन्छौं ।**



## भिम रावल
**केन्द्रीय सदस्य**
## नेपाल कम्युनिष्ट पार्टी(नेकपा)

नेपाल कम्युनिष्ट पार्टीका प्रभावशाली नेता भीम रावल पार्टीभित्रका प्रतिपक्षको परिचय बनाउन सफल छन् । उनले नेकपाभित्र गुट उपगुटको राजनीति भइरहेको भन्दै कडा आलोचना गर्दै आएका छन् । विदेश मामलामा पनि कडा नीति लिदै आएका रावलसँग **ऋषि धमला**ले गरेको विशेष कुराकानी:

**नेकपाका अध्यक्षद्वय केपी शर्मा ओली र प्रचण्डको प्रतिवेदनमा के छ ?**

उहाँहरुको प्रतिवेदनले वर्तमान समसायिमक विषयको संक्षिप्त विश्लेषण गरेको छ । एक वर्षसम्म बैठक बस्न नसकेकोमा आत्मालोचना गरेको छ, साथै आगामी दिनामा त्यस्तो हुन नदिने कुरा गरेको छ । पार्टीलाई विधि, पद्धतिमा तलदेखि माथिसम्म सुव्यवस्थित ढंगले अगाडि बढाउने विषय उल्लेख गरिएको छ । त्यसगरी कतिपय पार्टीभित्र भएका गलत प्रवृत्तिलाई पनि औल्याइएको छ ।

**अध्यक्षद्वयले त पाटीभित्र गुट झाँगिँदै गएकाले सरकारले भनेजस्तो काम गर्न सकेन भन्नुभयो नि ?**

पार्टीभित्र गुट झाँगिएकाले सरकारले काम गर्न नसकेको भन्ने भाषा त छैन ।

**o धेरै कमीकमजोरी भएको छ भनियो नि ?**

- कमीकमजोरी त छन् । भएका कमीकमजोरीलाई औल्याएर आगामी दिनमा त्यस्तो हुन नदिने प्रतिवद्धता आउनु त राम्रो कुरा हो नि ।

**o सरकारले भनेजस्तो काम गर्न सकेन भनिएको छ, प्रतिवेदन होइन ?**

सरकारका कतिपय कमीकमजोरी पनि औल्याइएको छ, साथै सघन पक्ष पनि औल्याइएको छ । कतै अहिले हाम्रो देशको सीमा अतिक्रमण भएको कुरालाई पनि औल्याइएको छ । यी सबै विषयमा आज हुने बैठकमा छलफल हुन्छ र पार्टीले त्यसको निष्कर्ष निकाल्छ । त्यो औल्याएपछि मात्रै पाटीभित्र भएका गुटगत अव्यवस्था न्यून हुन सक्छ ।

**o अन्तर्राष्ट्रिय सम्बन्धको कुरा गर्दा प्रतिवेदनमा के के छ ?**

मूलभूत रुपमा नेपालको स्वतन्त्र परराष्ट्र नीतिको पक्षपोषण त्यहाँ गरिएको छ । साथै हामीले ठूला देशहरुको शक्ति र प्रतिस्पर्धाबाट अलग रहनुपर्छ भन्ने भाव पनि त्यहाँ छ । तपाईंले उल्लेख गर्नुभएको कालापानी मात्रै होइन, लिम्पियाधुरादेखि हाम्रा देशका जति पनि जमीनहरु अतिक्रमणमा परेका छन् । त्यसको लागि छुट्टै बैठक बसेर नीति नै तय गरेको छ । सीमा सुरक्षासम्बन्धी छुट्टै कार्यसुचि त्यसमा विस्तृत छलफल हुने छ ।

**कार्यसुचिमा के के छन् ?**

त्यसका लागि पाँचवटा कार्यसुचि तय गरिएका छन, जुन सार्वजनिक भइसकेको छ । पहिलो राजनीतिक प्रतिवेदन र विधान संसोधन पनि सँगै छ । दोस्रो नेपाल–भारत सीमा समस्यासम्बन्धी छ । हाम्रो पार्टीलाई सशक्त ढंगले अगाडि बढाउने आगामी कार्यसुचि पनि छ । त्यसपछि विविधमा विभिन्न समसायिमक कुरालाई समेट्ने कुरा गरिएको छ ।

**सीमाको विषयामा भारतसँग सम्वाद गर्न नसकेर कुटनीतिक लेभलमा तपाईंहरु कमजोर हुनुभयो नि ?**

भारतसँग संवाद सरकारले गर्ने हो । त्यसको बारेमा के भइरहेको तपाईं थाहा भएन ।

**देशमा अहिले तपाईंहरुकै दुई तिहाईको सरकार छ नि ?**

तपाईंले भनेको ठीक हो । त्यसको बारेमा मैले त वारम्बार ध्यानाकर्ष गराएकै छु । अहिले त प्रधानमन्त्री पनि अस्वस्थ हुनुहुन्छ । भारतसँग जुन प्रकारले कुटनीतिक तहमा वार्ता हुनुपर्ने हो, त्यो हुन नसक्नुमा प्रधानमन्त्रीको स्वास्थ्यका कारणले हुन सक्छ । पाटीभित्र पनि हामीले आफूले गर्नुपर्ने काम तत्काल गर्नुपर्छ भनेर कुरा उठाएका छौं ।

**सीमा समस्या कसरी सुल्झाउने नेपाली जनतालाई बताउनुस् ?**

त्यो कुरा मैले तपाईंले भन्नुभन्दा पहिला नै भनिसकेको छु । किन भने नेपाली जनताले यत्रो मत दिएर नेकपालाई इतिहासमै माथि पुऱ्याएको छ । नेपालको स्वाधीनता, सार्वभौ सत्तालाई सुदृढ गरेर नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राखेर काम गर्न मैंले पहिलादेखि नै जोड दिएर आएको छु ।

**काम त गर्ने तर एक्सन ओरेन्टेड व्यक्तिहरु खोइ आएको ?**

कुन व्यक्तिलाई कहाँ राखेर काम गर्ने भन्ने कुरा पार्टी छलफल तोक्ने हो । त्यो सरकारको बागडोर सम्हाल्ने र त्यसको निर्णयकर्ता व्यक्तिहरुले सोच्ने कुरा हो । जे भएपनि नेकपाले यत्रो ठूलो बहुमत प्राप्त गरेर जुन वसर प्राप्त गरेको छ । यो अवसरमा उसले आफ्ना विगतका प्रतिवद्धता अनुरुप काम गर्नुपर्छ । त्यो भाव अहिलेको राजनीतिक प्रतिवेदनमा अलिकति प्रकट भएको छ । यी प्रतिवद्धताहरुलाई लागु गरियो भने आउने दिनमा मुलुकलाई समृद्ध तुल्याइएला भन्ने मलाई लाग्छ ।

**अब तपाईंहरु चीनमुखी हुने कि भारतमुखी ?**

हामी अमेरिका, चीन, भारत कुनै पनि मुखी हुँदैनौं । नितान्त नेपाल मुखी हुन्छौं । यदि कोही कतै अरु मुखी भएको छ भने त्यसलाई सच्याउनुपर्छ भनेर म बारम्बार भनिरहेको छु । अब तपाईंले चीनको बीआरआईका कुरा गर्नुभएको हो भने बेग्लै कुरा हो ।

**बीआरआईलाई त स्वागत गर्नुभएको छ नि ?**

आर्थिक विकासका लागि गरिने पारम्परिक सहयोगमा जसको पनि स्वागत गर्दछौं । नेपालको संविधानले कुनै शक्ति गठबन्धनमा संलग्न हुने अनुमति दिँदैन । हाम्रो पार्टीको विधान, सिद्धान्तले पनि त्यो अनुमति दिँदैन । हाम्रो देशको भूराजनीतिक दृष्टिकोणले पनि हामी ती दिशातिर जानुहुँदैन भन्ने हो । राजनीतिक प्रतिवेदनलाई हेरेर तपाईंले त्यस्ता गठबन्धनले के प्रभाव पर्ला भनेर उठाएका मात्रै छौं ।

**हिजोको बैठकमा तपाईंले के भन्नुभयो ?**

त्यसमा मैले प्रष्ट भनें, 'यो एक वर्षसम्म बैठक नहुनुको कारण के ? त्यसको जिम्मेवारी कसले लिने ? बैठकै नबस्ने गरी के के अप्ठ्यारो भयो' भनेर मैले प्रश्न उठाएको थिएँ । तर पार्टी अध्यक्ष यो कुरा राजनीतिक प्रतिवेदनमै प्रस्तुत भएकाले त्यहाँ छलफल हुन्छ भन्नुभयो । नेतृत्वले नै यसमा गल्ती भयो भनेर आत्मालोचना भएपछि मैले पनि सकारात्मक ठानें ।

**सरकार प्रभावकारी भएन भनेर प्रतिवेदनमा भनिएको छ कि छैन ?**

सरकारका कतिपय कामहरु सकारात्मक छन, कतिपय छैनन् भनिएको छ । देश र राष्ट्रको हितमा गरिएका कामलाई हामीहरु सधैं सकारात्मक रुपमा लिन्छौं । त्यो विपरित भएका कामहरुको आलोचना अवश्य हुन्छ ।

**नकारात्मक कुरा के के छन् त ?**

विगतका घोषणापत्रहरुमा जुन कुरा लेखिएका थिए, सो अनुरुप हुन नसेको कुरा औल्याइएको छ । यद्यपि विस्तृत रुपमा त्यहाँ ती कुराहरु उल्लेख गरिएका छैनन् ।

**पुस ४ गतेबाट संसद्को हिउँदे अधिवेशन सुरु हुन्छ, सभामुख को हुन्छ ?**

सभामुख को हुन्छ भन्ने बारेमा हिजो छलफलमा पनि आएन र अब हुने छलफलमा पनि को हुन्छ, म भन्न सक्दिंन । यो भन्दा अगाडि पनि केही नेताहरुबीच सचिवालयमा मात्रै छलफल हुँदै आयो, हामीले त्यसको पनि टिप्पणी गरेका छौं । अब सभामुख को हुन्छ ? कसरी हुन्छ भन्ने कुरा पार्टीका जिम्मेवार नेतृत्वले अगाडि ल्याउनुभएको छैन । सभामुख चयन गर्न अब ढिला गर्नुहुँदैन । उपयुक्त व्यक्तिलाई सभामुख चयन गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

**सभामखु सुभाव चन्द्र नेम्वाङ कि अग्नि सापकोटा हुनुहुन्छ ?**

को हुनुहुन्छ भन्ने कुरा मैंले तपाईंसँग भन्ने कुरा भएन । त्यो पदको लागि को उपयुक्त हुनुहुन्छ भनेर निश्पक्ष ढंगले छानविन भयो भने तपाईंले नाम लिएका व्यक्ति मात्रै सभामुख हुन योग्य छन् भन्ने विषय होइन ।

**तपाईंहरुकोमा पनि जसले प्रभुत्व जमाउँछ उही नेता बन्छ नि ?**

पार्टीको धाराण र राष्ट्र हितमा नसोचर गुटगत हिसावले अगाडि बढ्ने हो भने पार्टी कहिल्यै बलियो हुँदैन ।

**हरेक ठाउँमा अध्यक्षद्वयका व्यक्तिहरु मात्रै छन् नि ?**

सबैमा नभनौं, कतिपय व्यक्तिहरु त्यस्ता गुटगत रुपमा अवश्य गएका छन् । त्यसैले अहिले राजनीतिक प्रतिवेदनमा गुट झाँगियो भनेर स्वयंम अध्यक्षहरुले नै भन्नुभएको छ ।

> **गणतन्त्र भएका मुलुकहरुलाई हेर्ने हो भने अरु मुलुकले विकासको फड्को मारिसकेको अवस्था छ जस्तै अमेरीकाका तत्कालीन राष्ट्रपति बाराक ओवामा जस्ले पदमुक्त भैसकेपछि होटलमा काम गर्दछन । भारतीय नरेन्द्र मोदीको भाइले ओटो चालउँछन् अन्य देशका पनि यस्तै उदाहरण छन् । हाम्रो देशमा संघीयता आएपछि आफ्नो मान्छे भर्ती गर्ने थलो बनेको छ ।**

नेपाल विद्युत प्राधिकरण
रामेछाप वितरण केन्द्र

**चुहावट नियन्त्रण तथा अनुगमन टोलीको हार्दिक अपिल**

o विद्युत चोरी अपराध हो । कसैले पनि नगरौं, कसैले चोरी गरि प्रयोग गरेको थाहा भएमा ने.वि.प्रा.मा खबर गरौं ।
o पिक लोडको समय बिहान ५ देखि ९ र बेलुका ६:३० देखि ९: ३० बजेसम्म बढी विद्युत खपत हुने उपकरण कलकारखाना ,उद्योग नचलाउन
o समयमै विद्युत महसुल बुझाइ विद्युत लाइन काटिन र जरीवाना तिर्नबाट बचौं ।
o अनावश्यक समयमा सडक बत्ति बलेको देखिएमा तत्काल बन्द गरौं वा ने.वि.प्रा.मा खबर गरौं ।
o अनावश्यक तथा मानिस नभएको समयमा विद्युत उपकरण प्रयोग नगरि बढी महसुल तिर्नबाट जगियौं ।
o आफ्नो आवश्यकता अनुसारको विद्युात क्षमता स्वीकृत गरि क्षमता अनुसारको एम.सी.सी.वी प्रयोग गरेर मात्र सुरक्षति तवरले विद्युत प्रयोग गरौं अन्यथा स्वीकृत क्षमताभन्दा बढीका एमसीसीवी प्रयोग गरेको पाइएमा डिमाण्ड चुहावट कारवाही गरिने छ ।

# प्रभु र जावलाखेल युवावीच प्रायोजक सम्झौता

मंसिर २९ गतेका दिन प्रभु बैंक लि. र ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १३, जावलाखेलस्थित जावलाखेल युवाक्लबविच प्रभु बैंक लि. जावलाखेल युवाक्लबको मुख्यप्रायोजकहुने सम्बन्धीएक सम्झौतामा हस्ताक्षरभएको छ । ललितपुर जिल्ला झम्सिखेलस्थितहोटेल भिभवान्तामा सम्पन्नउक्त सम्झौतामाप्रभु बैंक लि. कातर्फबाट प्रमुखकार्यकारी अधिकृत श्री अशोक शेरचन र जावलाखेल युवाक्लबकातर्फबाट अध्यक्षश्री महेन्द्र क्षेत्रीले एक समारोहकाविच हस्ताक्षर गर्नुभएको हो ।

जावलाखेल युवाक्लबसँगको सम्झौता पश्चात् जावलाखेल युवा क्लबको मुख्यप्रायोजक प्रभु बैंक लि. रहनेछ । बैंकले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत जावलाखेल युवा क्लबलाई दुई किस्ता गरी नगदरु. २५ लाख




उपलब्ध गराउने छ । सो बापत जावलाखेल युवा क्लबको आधिकारिक बैंकका रुपमा प्रभु बैंक लि. रहनेछ । जावलाखेल युवा क्लबले भागलिने सम्पूर्ण खेलकुद सम्बन्धी प्रतियोगिताहरुमा प्रभु बैंक लि. जावलाखेल युवाक्लबको नामले सहभागिताजनाउनेछ । जावलाखेल युवाक्लबले प्रभु बैंक लि. माआफ्नो नाममाखाताखोली सम्पूर्ण आर्थिक कारोबार प्रभु बैंक मार्फत् सञ्चालनगर्ने छ । जावलाखेल युवाक्लबको खेलकुद मैदानमा प्रभु बैंक लि. को ब्यानर, होर्डिङ्ग बोर्ड डिस्प्ले बोर्ड लगाई प्रभु बैंकले उपलब्ध गराएको विज्ञापन सामाग्रीहरु प्रचार प्रसार गर्नेछ । जावलखेल युवा क्लबका सम्पूर्ण खेलाडीहरुले सहभागिता जनाउने जुनसुकै खेलहरुमा प्रभु बैंक लि. लेखेको जर्सी लगाउने छन् । जावलाखेल युवाक्लबले सञ्चालनगर्ने जुनसुकै खेलकुद सम्बन्धीप्रतियोगिता तथा कार्यक्रमहरुमा प्रभु बैंक लि. को विज्ञापन प्रशारण गर्नेछ । प्रभु बैंक लि. र जावलाखेल युवाक्लबविच सम्पन्न यस सम्झौताले जावलाखेल युवा क्लबका खेलाडीहरुमा हौसला बढ्न गई उच्च मनोबलका साथसबै प्रतियोगिताहरुमा सहभागिताजनाई समग्र देशको खेलकुद क्षेत्रको विकासमा विशेष योगदानपुग्ने बैंकले विश्वास लिएको छ ।

# इन्फ्रास्ट्रक्चरको प्रथम वार्षिक साधारण सभा सम्पन्न

नेपालकै पहिलो राष्ट्रिय स्तरको पूर्वाधार विकास बैंकको रुपमा स्थापना भई गत फाल्गुण महिनाबाट औपचारिक कारोबार प्रारम्भ गरेको नेपाल इन्फ्रास्ट्रक्चर बैंकले २९ आईतबारका दिन प्रथम वार्षिक साधारण सभा सम्पन्न गरेको छ । होटल ऱ्याडिसन, लाजिम्पाट काठमाडौंमा सम्पन्न उक्त सभाको अध्यक्षता बैंक सञ्चालक समितिका अध्यक्ष अनुज अग्रवालले गर्नु भएको थियो । सो अवसरमा बैंक सञ्चालक समितिका सदस्यहरु रामशरण पुडासैनी, चन्द्र प्रसाद ढकाल, लालमणि जोशी र नुमनाथ पौडेलको उपस्थिती रहेको थियो । त्यस्तै बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल ज्ञवाली, नायव प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे लगायत बैंकका उच्च तहका अधिकृतहरुको समेत उपस्थिती रहेको थियो । उक्त सभालाई सम्बोधन गर्दै बैंक सञ्चालक समितिका अध्यक्ष श्री अनुज अग्रवालले बैंकले समिक्षा अवधि सम्म हासिल गरेका उपलब्धिहरु, चालु आ.व.को लागि तय गरिएका योजना तथा लक्ष्यहरु एवं भावी रणनीति बारे शेयरधनी महानुभावहरुलाई जानकारी गराउनु भयो ।




चुक्तापूँजी रु.१२ अर्ब, प्रतिशेयर आम्दानीरु.६.१०, प्रति शेयर नेटवर्थ रु.१०६.५७ रहेको बैंकको उक्त सभाले नियमनकारी निकायको स्वीकृति पश्चात जारी गर्ने गरी जम्मा रु. ८,००,००,००,०००/( (आठ अर्ब रुपैंया) को शेयर संख्या ८०००००००० (आठ करोड) सर्वसाधारणलाई निष्काशन गर्ने सम्बन्धी प्रस्ताव पारित गरेको छ । नेपाल सरकारबाट मनोनित १ जनासञ्चालक बाहेक संस्थापक समुहबाट प्रतिनिधित्व गर्ने अन्य ३ जना सञ्चालकहरुको निर्वाचनको कार्यक्रम रहेको उक्त सभाबाट अनुजअग्रवाल, चन्द्र प्रसाद ढकाल र लालमणि जोशी आगामी ४ वर्षे कार्यकालको लागि सञ्चालकमा निर्विरोध निर्वाचित हुनु भएको छ । रामशरण पुडासैनीनेपाल सरकारबाट मनोनित सञ्चालक हुनुहुन्छ । मुलुकभित्र तथा मुलुकबाहिरबाट दीर्घकालिन स्रोत संकलन गरी देशको पूर्वाधार विकासका परियोजनाहरुमा मात्र लगानी गर्ने उद्देश्य लिई स्थापना भएको यस बैंकले विदेशी वित्त बजारबाट Offshore Bondजारी गरी रु. ५ अर्ब भित्र्याउने कार्य अघि बढाई सकेको छ । स्रोत परिचालनतर्फ २ वटा जलविद्युत् आयोजनाहरुमा रु. ३ अर्बलगानी स्वीकृत गरिसकेको छ भने सौर्य उर्जा, होटल, रिसोर्ट, फनपार्क, केवलकार, शिक्षा, स्वास्थ्य लगायतका अन्य विभिन्न पूर्वाधारका परियोजनाहरुको पहिचान एवं आवश्यक अध्ययन गरिरहेको छ । उक्त परियोजनाहरुलाई आवश्यक स्रोत संकलन गर्दै निकट भविष्यमै लगानी विस्तार गर्दे जाने बैंकको योजना रहेको छ ।

# कामनाले खोल्यो भंगालमा १०७ औं शाखा

काठमाडौं । कामना सेवा बिकाश बैंकले आफ्नो १०७ औं शाखाको रुपमा बुढानिलकण्ठ वडा न. ८ तल्लो भंगालमा कार्यलय सञ्चालनमा ल्याएको छ । बिहान ११ बजे बैंकका अध्यक्ष सुदीप आचार्यको सभापतित्वमा तथा बुढानिलकण्ठका मेयर उद्धव खरेलको प्रमुख आतिथ्यमा कार्यक्रम सञ्चालन भएको थियो ।



बैकको उदघाटन प्रमुख अतिथि समेत रहनुभएका खरेलले रिवन काटेर दीप प्रज्वल गरी बैकको शाखा कार्यलयको सार्वजानिक बोटको अनावरण गरे सँगै कार्यक्रम शुरु भएको थियो ।

कार्यक्रमलाइ राष्ट्र बैंकका पूर्व अनुगमन बिभागका अधिकृतले शूभकामना मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा कामना सेवा बिकाश बैंकको योजना र शाखा बिस्तारको बिषयमा बैकका प्रमुख कार्यकरी अधिकृत प्रबिण बस्नेतले प्रकाश पार्नुभएको थियो । भगालमा नै शाखा खोल्नुको महत्वको बिषयमा बैकका सञ्चालक समितिका अध्यक्ष सुदीप आचार्यले आफु पनि यसै क्षेत्रको बासिन्दा भएको हुदा अझै यस क्षेत्रका साथीभाइको समर्थन साथै आफ्नै क्षेत्रमा केही राम्रो योगदान गर्न सकिन्छ भनेर नै शाखा सञ्चालनमा ल्याएको जानकारी दिनुभएको थियो ।

प्रमुख अतिथि उद्धव खरेलले नगरपालिका भित्र थुप्रै बैकहरु रहेको तर भित्री बजारमा कमै बैक थियो कामना सेवाले भित्री बजारमा समेत शाखा सञ्चालन गरेर जनतालाइ सेवा दिन लागेको त्योपनि लगेज सहित सुविधामा भन्दै कामना सेवा बैकको प्रशंसा गर्नुभएको थियो ।

कार्यक्रमको संञ्चालन शुरुदेखि अन्त्यसम्म राम्रो प्रस्तुति गरेर कार्यक्रमलाइ आकर्षण भर्ने काम नम्रता गौतमले गर्नुभएको थियो ।

कामना सेवा बिकाश बैंकले स्थानीय देखि केन्द्रसम्म आफ्नो सञ्जाल बढाउदै लगेको देखिन्छ । जसले स्वर्णिम बचत खाता नेपालमा पहिलो पटक प्रयोगमा ल्याएको थियो जुन ग्रहक बर्गमा आकर्षण बनिरहेको छ । जसले कामना सेवामा खाता खोल्ने बित्तिक्कै बिभिन्न बिमा हुने भएको हुदा ग्रहकको आकर्षण बढेर अहिले कामना सेवा बिकाश बैंक प्रति आम मानिसहरुको बिश्वास बढेको बैंकले दावी गदै आएको छ ।

# मुक्तिनाथ विकास बैंक लि.को तेह्रौं वार्षिक साधारण सभा सम्पन्न

मुक्तिनाथ विकास बैंक लि. ले मिति २०७६ मंसिर ३० गतेका दिन पोखरामा आफ्नो तेह्रौं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । उक्त साधारण सभाले आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन, आ.व. २०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्ति लगायतका सामान्य प्रस्तावहरु सहित आ.व. ०७५/०७६ को मुनाफाबाट सेयरधनीहरुलाई ०.९३ प्रतिशत बोनस सेयरको कर प्रयोजनार्थ नगद लाभाँस र १७.६०बोनस सेयर सहित) १८.५३प्रतिशत लाभाँस वितरण गर्ने सामान्य तथा विषेश प्रस्तावहरु सर्वसम्मत पारित गरेको छ । बैंकका सञ्चालक समितिका अध्यक्ष श्री खिम प्रकाश मल्लको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बैंकका




सञ्चालक समितिका सदस्य श्री नारायण प्रसाद पौडेलले स्वागत मन्तब्य राख्नु भएको थियो । बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले बैंकको हालको अवस्थाको बारेमा मन्तव्य राख्नु भएको थियो। सोही समारोहमा बैंकका पूर्व अध्यक्षहरु श्री खगेन्द्रराज रेग्मी र श्री मीन प्रसाद गुरुङ्गले शुभकामना मन्तव्य राख्नुभएको थियो । साधारण सभामा अध्यक्षले सञ्चालक समितिको तर्फबाट आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।उक्त प्रतिवेदन उपर सेयरधनीहरुबाट सल्लाह सुझाव र जिज्ञासाहरु आएका थिए । सेयरधनीहरुबाट आएका जिज्ञासाहरुको सम्बन्धमा अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले प्रस्ट पार्नुभएको थियो । यस वार्षिक साधारण सभामा बैंकको नयाँ सञ्चालक समिति पनि गठन भएको छ ।सञ्चालक समितिमा संस्थापक कार्यकारी प्रमुख लगायत ५ जनाको सञ्चालक समितिका सदस्यहरु सर्वसम्मत चयन गरेको छ । नयाँ सञ्चालक समितिमाश्री भरतराज ढकाल, श्री गजेन्द्र मान श्रेष्ठ, श्री रविन्द्र मान श्रेष्ठ, श्रीमती निर्मला कुमारी के.सी. (कार्की) र श्री शालिग्राम मिश्र को चयन भएको बैंकका प्रमुख सुचना अधिकृतश्री तिल बहादुर गुरुङ्गले बताउनुभयो ।

# बैकिङ्ग संसार

## एनआईसी एशिया बैंकको ६ नयाँ शाखा उद्घाटन

काठमाडौं । ग्रामीण तथा शहरी क्षेत्रमा आफ्नो उपस्थितिलाई थप दरिलो बनाउने क्रमसँगै एन आई सी एशिया बैंकले एकै साथ काठमाडौंमा ६ नयाँ शाखा कार्यालयहरुको औपचारिक उद्घाटन कार्यक्रम सम्पन्न



गरेको छ ।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६ बोहोराटारस्थित बोहोराटार शाखाको स्थानीय टोल सुधार तथा उपभोक्ता समितिका अध्यक्ष कालिका प्रसाद घिमिरेबाट, काठमाडौं महानगरपालिका वडा नं. १४, कलंकीस्थित खसीबजार शाखाको सोही वडाका वडा अध्यक्ष श्री शोभा सापकोटाबाट, काठमाडौं महानगरपालिका वडा नं. १६, माछापोखरीस्थित माछापोखरी शाखाको सोही वडाका वडा अध्यक्ष श्री मुकुन्द रिजालबाट, काठमाडौं महानगरपालिका वडा नं. ३२, नरेफाँटस्थित नरेफाँट शाखाको सोही वडाका वडा अध्यक्ष श्री नवराज पराजुलीबाट, काठमाडौं महानगरपालिका वडा नं. २८, पुतलीसडकस्थित पुतलीसडक शाखाको सोही वडाका वडा अध्यक्ष भाइ राम खड्गीज्यूबाट र काठमाडौं महानगरपालिका वडा नं. ३ स्वयम्भूस्थित स्वयम्भू शाखाको सोही वडाका वडा अध्यक्ष श्री प्रेमलाल श्रेष्ठज्यूबाट एक समारोहकाबीच समुद्घाटन सु-सम्पन्न भयो । उक्त विभिन्न शाखाहरु सञ्चालनमा आएसँगै सो क्षेत्रका स्थानीयलाई बैंकिङ्ग सेवा प्राप्त गर्न सहज हुने विश्वास बैंकले लिएको छ ।

बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३११ शाखा कार्यालयहरु, ४०३ एटिएम, ९५ वटा एक्स्टेन्सन काउण्टर एवं ४४ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ । करिब १९ लाख ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् । उत्तरदायी बैकिंङ्गको अभ्यास गर्दै आएको यस बैंकले गत आर्थिक वर्षमा प्रत्यक्ष र अप्रत्यक्ष गरी करिब ३ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरुमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरु नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरुमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

## कुमारी स्मार्ट मोबाईल बैंकिंगको आकर्षक योजना

कुमारी बैंक लिमिटेडले नगद रहित कारोबार ९अबकजभिकक उबथभलत० को अवधारणालाई अघि बढाउन तथा नविनतम प्रविधिको प्रयोग प्रोत्साहित गर्न, कुमारी बैंकले आफ्नो ग्राहकवर्गलाई लक्षित गरी विभिन्न योजनाहरु ल्याएको छ । यस योजना अन्तर्गत कुमारी बैंकका मोबाईल बैंकिङ्ग ग्राहकहरुले (Kumari Smart Mobile Banking Application) प्रयोग गरी निम्न योजनाहरुमा सहभागी भई यस




अवसरको फाइदा लिनसक्ने छन् । १०० मा १०० ( यस योजना अन्तर्गत कुमारी बैंकका ग्राहकले कुमारी मोबाईल बैंकिङ्गबाट पहिलो रु १०० को टपअप गर्दा रु १०० क्यासब्याक (Cash Back) प्राप्त गर्न सक्नेछन् । यो योजना नयाँ तथा पुराना दुबै खालका ग्राहकलाई लागू हुनेछ तथा यो योजनामा सहभागी हुनका लागि ग्राहकले पहिलो चोटी कुमारी मोबाईल बैंकिङ्गको प्रयोग गरेको हुनुपर्नेछ । स्क्यान एन्ड पे ( यस योजना अन्तर्गत कुमारी बैंकका ग्राहकले कुमारी मोबाईल बैंकिङ्ग प्रयोग गरी विभिन्न पसल तथा रेस्टुराँहरुमा क्यु. आर. कोड (QR Code) स्क्यान गरी भुक्तानी गर्दा १०५ वा दैनिक आधिक्तम रु १०० सम्म क्यासब्याक (Cash Back) प्राप्त गर्न सक्नेछन् । यो योजना फाल्गुन १७ गते सम्मका लागि लागू हुनेछ । कुमारी स्मार्टको प्रयोग गरी विभिन्न बिल भुक्तानी जस्तै ( पानी, बिजुली, सारथिको ट्याक्सी, नेपाल ग्याँस, इन्टरनेट, इत्यादिको पैसा भुक्तानी गर्न पनि सकिन्छ ।

# चिलीमा नवउदारवादको स्वेत आतंक

- करनसिंह बडाल

ल्याटिन अमेरिकी देश चिलीमा अहिले नव उदारवादविरुद्ध आन्दोलन चलिरहेको छ । भनिन्छ इतिहासका निर्माता जनता हुन् । आज तिनै जनता जसले आफ्नो इतिहासको निर्माण गरे । उनीहरु नै चिलीबाट नवउदारवादको जरो उखेल्न ४८ दिनदेखि देशको राजधानी सेन्तिएगोदेखि देशका मध्य सहरमा हातमा झण्डा लिई सोबाइस्टिएन पिनराका अश्रुग्यास, रबरका गोली, पानीका फोहोरा, लाठी र गोलीविरुद्ध निरन्तर लडिरहेका छन् ।

उनीहरुको एउटै नारा छ, नव उदारवादको अन्त्य र समाजवादी व्यवस्थाको स्थापना । चिलीबाट नवउदारवादी अर्थनीतिको सफाइ जसले गर्दा पुँजीवादी केन्द्रहरुको र त्यसका प्राध्यापकहरुको सातो उडेको छ । उसै त फिडेल क्यास्ट्रो र चेग्वेभोको ल्याटिन समाजवादी अर्थनीतिको मोडलबाट त्रसित अमेरिका ह्युगो चाबेजको बोलेभियन क्रान्ति रोक्न नाभीदेखिको बल लगाउँदासमेत सफल हुन नसकेको अवस्थामा चिलीमा एकाएक स्वस्फूर्तरूपमा उठेको जनउभारले नवउदारवादीहरु आतङ्कित बनेका छन् ।

पृष्ठभूमि

क्युबाली क्रान्तिपछि पूरै ल्याटिन अमेरिकामा समाजवादी क्रान्तिको उभार चल्यो । सन् १९७३ मा चिलीमा पनि समाजवादी सरकार थियो । तत्कालीन अमेरिकी राष्ट्रपति थिए रिचर्ड निक्सन । उनले चीनसँग सम्बन्ध सुधारेका थिए । सन् १९७२ मा अमेरिका र चीनको बीचमा पिङ्पोङ सन्धि भएपछि अमेरिकाले चीनलाई तानाशाही, निरङ्कुश देश भन्न छाडेर जनगणतन्त्र चीन स्वीकार गर्यो भने चीनले अमेरिकालाई साम्राज्यवादी, कागजी बाघ भन्न छाड्यो । तर अमेरिका र रुसको भने क्युबालगायत अन्यदेशका विषयलाई लिएर शीत युद्ध चलेको थियो । त्यही समयमा रुस र चीनबीचमा ठूलो बहस चलको थियो ।

विश्वका दुई कम्युनिस्ट देशहरुको बीचमा चर्को विवाद चलेको बेला अमेरिकाले समाजवादी खेमामाथि निरन्तर प्रहार गरिरहेको थियो । चिलीको साल्भाडोर एलेन्डे नेतृत्वको सरकार एकातर्फ चीन रुसको विवाद र अर्कातर्फ शीत युद्धको तारो बन्यो । त्यसपछि अगस्टो पिनोचेतले १९९३ सम्म सैन्य शासन चलायो । सैन्य शासनका बेला करिब २ लाख चिलीका जनता विस्तापित भएका थिए । चिलीका विद्यार्थी, युवा, मजदुर र बुद्धिजीवीहरुले निक्सनको कठपुतली अगस्टोको शासनको विरोध गर्न थाले । अगस्टोले चिलीमा समाजवादी व्यवस्थाको ठाउँमा नवउदारवादी अर्थनीतिको जग बसाले । त्यसले नयाँ नयाँ सङ्कट निम्त्याउन थाल्यो ।

त्यसपछि चिलीमा नयाँ संविधान जारी गरियो । सन् १९९० मा नयाँ राष्ट्रपतिका रूपमा एल्येइन आए । त्यसपछि चिलीमा नवउदारवादले झन् तीव्रता पायो । सन् २००२ मा चिलीले युरोपियन युनियनसँग व्यापार सम्झौता गर्यो । त्यस्तै सन् २००३ मा अमेरिकासँग, सन् २००४ मा कोरियासँग खुला व्यापार सम्झौता गर्यो । त्यस्तै समाजवादी पार्टीबाट निर्वाचित महिला राष्ट्रपति मिचेल्ली बाचेतले सन् २००६ मा चीनसँग, सन् २००७ मा जापान र भारतसँग फ्री व्यापार सम्झौता गरिन् । त्यस्तै न्युजिल्यान्ड, ब्रुनाई, पानामा, सिङ्गापुर, पेरु र कोलोम्बियासँग पनि सम्झौता गरेपछि चिलीमा नयाँ नयाँ आर्थिक सङ्कट देखापर्न थाले । नवउदारवादी अर्थतन्त्र उन्मुख चिलीको अर्थ व्यवस्थामा भूमण्डली करणको प्रत्यक्ष असर पर्न थाल्यो ।

चिलीको अर्थतन्त्र उत्पादन मुखीभन्दा पनि वित्तीय अर्थतन्त्रका कारण अस्वस्थ बन्न पुग्यो । सन् २००८ को अमेरिकी आर्थिक मन्दी ( रिसेसन) को प्रत्यक्ष मारमा पर्यो भने अर्कातर्फ खुला अर्थतन्त्रको कारण १ भर्सेस ९९ को स्थिति उत्पन्न हुन थाल्यो । त्यसै कारण ल्याटिन अमेरिकाभरी सन् २०१० पछि १ का विरुद्ध ९९ को आन्दोन करिब २०१६ सम्म लोकप्रिय नारा नै बनेको थियो । धनी र गरिबको बीचको खाडल एकपछि अर्को गरी नाटकीय रूपमा बढ्दै गयो । सर्वसाधारणका लागि शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यकता उपभोग गर्न नसक्ने अवस्था आयो । नवउदावादी अर्थतन्त्रको चर्को चेपुवामा परेका चिलीका जनताले सन् २००६ र २०१६ मा पनि धेरै ठूलो आन्दोलन गरे तर उनीहरुको माग पूरा भएन । जुन अहिले आएर ५१ औँ दिनसम्म निरन्तर चलिरहेको छ ।

कसरी उठ्यो चिलीमा नवउदारवाद विरुद्ध जनउभार ?

चिलीको आर्थिक सङ्कट चरम चुलीमा पुगेको त्यहाँका सरकारी रिपोर्टहरुले बताउँछन् । चिलीमा १ प्रतिशत धनाड्यहरुले २६.५ प्रतिशत जनसङ्ख्या बराबर सम्पति ओगटेका छन् । त्यस्तै चिलीको ५० प्रतिशत न्यून आय भएको जनता सम्पत्ति बराबरा २.१ प्रतिशत धनाड्यहरुको सम्पत्ति रहेको इकोनमिक कमिसन फर ल्याटिन अमेरिका एन्ड द क्यारेबियनको तथ्याङ्कले देखाएको छ । त्यस्तै न्यूनतम ज्याला ३ लाख १ हजार पिसोस (करिब ३७५) रहेको सरकारी तथ्याङ्कले देखाएको छ । त्यस्तै सहरका कामदारहरुले आफ्नो ज्यालाको १३.८ प्रतिशत पैसा यातायातमा खर्च गर्ने गरेका छन् । शिक्षा, स्वास्थ्य, चर्को हाउजिङ भाडाले त्यहाँका जनताको अवस्था जर्जर बनेको छ ।

निष्कर्ष

जसरी रुसका सर्वहारा तथा श्रमजीवी वर्गले तत्कालीन शासक जारका संविधान तथा कानुनका दस्तावेजहरुलाई कुल्चँदै जारका संविधान तथा कानुन पालकहरुको आदेशको ठाडो उल्लङ्घन गर्दै आफ्नो भाग्यको फैसला आफै गर्न पुँजीवादी जगेडको नाभी (केन्द्र)बाट पुँजीवादले लादेका जन्जिर चुँडाल्न, क्रान्तिको महासमरमा सहभागिता जनाए र पुँजीवादी व्यवस्थाको संरक्षक जार शासनको चिहान खने ।

ठीक त्यस्तै आज पनि पुँजीवादी हेडक्वाटर अमेरिकाको नाकमुनि ल्याटिन अमेरिकी देश चिलीका मध्यमवर्ग ( श्रमजीवी) वा जनताले नवउदारवादको चिहान खनिरहेका छन् तर उनीहरुलाई नयाँ युगको लेनिनको खाँचो परेको छ ।

चिलीमा उठेको सरकार विरोधी आन्दोलन कुनै शासक (राष्ट्रपति सेवास्टिएनका) शासनसँग नभएर पुँजीवादी अर्थतन्त्रमा देखा परेका सङ्कटको उपज हो । विशेष गरी अहिले विश्व पुँजीवादी व्यवस्थाको चौथो चरणमा प्रवशेसँगै पुँजीवाद ( भूमण्डलीकृत अवस्थाको) सङ्कटग्रस्त बन्दै गएको प्रमाण चिलीमा सहजै देख्न सकिन्छ ।

पहिलो कुरा आजको पुँजीवाद हिजो अर्थात् डेबड रिकार्डो, आडम स्मिथ र माल्थसहरुको समयको जस्तो प्रतिस्पर्धात्मक अवस्थामा छैन । किनभने आज जसले आफ्नो स्वरूप एकाधिकार हुँदै भूमण्डलीकृत अवस्थामा फेरेको छ । संयुक्त राष्ट्र सङ्घको विकास कार्यक्रम आयोजनाअन्तर्गत प्रकाशित मानव संसाधन रिपोर्ट सन् (२०००) ले आजको युगलाई भूमण्डलीकृत बताएको थियो । जसमा चार विशेषता उल्लेख थिए । १) नयाँ बजार, २) नयाँ उकरण, ३) नयाँ कर्ता र ४) नयाँ नियम रहेका छन् । पहिलो कुरा अहिलेको भूमण्डलीकृत अर्थतन्त्र वित्तीय अर्थतन्त्र (सुदखोरी) मा टिकेको छ ।

दोस्रो यो उत्पादनबाट कटेको छ । तेस्रो अतिकेन्द्रित भएको छ । जस्तो संसारका १ प्रतिशत धनाड्यको हातमा ९९ प्रतिशत जनताको बराबर सम्पत्ति कब्जामा रहेको अक्सफामको रिपोर्टले देखाएको थियो । तेस्रो अहिलेको अर्थतन्त्रको मुख्य हिस्सा अनुत्पादक क्षेत्रमा लगानी हुने गरेको छ । अहिले अमेरिका, बेलायत, फ्रान्स, रुस र चीनजस्ता ठूला अर्थतन्त्र भएका देशहरुको ठूलो लगानी उत्पादन क्षेत्रमा भन्दा पनि अनुत्पादक क्षेत्र (हतियार निर्माण) मिसायल, ठूला ठूला हतियार उद्योगहरूमा लगानी गर्ने गरेका छन् । जसले गर्दा उत्पादकत्व क्रमशः घट्दै गएको छ । चौथो अन्तराष्ट्रिय एकाधिकारवादको पक्ष पोषण गर्ने संस्थाहरुको नयाँ नियम बनाएका छन्, जसले बहुराष्ट्रिय निगमहरुको लुटपाट बढेको छ र त्यसले राष्ट्रिय पुँजीपतिको टाट पल्टाइरहेको छ । पाँचौं अहिले विकास भएको विज्ञान प्रविधिको विकाससँगै यसले श्रम शोषण तीव्र पारेको छ । श्रमजीवी जनताको यसप्रति आक्रोश बढ्दो छ । छटौं नवउदारवादी अर्थतन्त्रको नाइके अमेरिका आफै आफ्नो नीतिको विरुद्धमा उभिन थालेको छ । जसको थालनी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गरेका हुन् । ईयूका उत्पादनमाथि भारी कर वृद्धि, चीनसँग थालेको ट्रेडवार इत्यादी, नवउदारवाद स्थापित गर्न सक थेरापीको आवश्यकतामा जोड दिने फ्रिडम्यान थिए । तर आज अमेरिकाकै राष्ट्रपति संरक्षणवादको निष्कर्षमा पुगेका छन् ।

तसर्थ अहिलेको पुँजीवाद आन्तरिक र बाह्य दुवै कारण धरापमा परेको छ ।

उदाहरणका लागि अहिलेको पुँजीवाद व्यापारिक, प्रतिस्पर्धात्मक, एकाधिकार हुँदै भूमण्डलीकृत चरित्रमा पुगेको छ । अहिले चिलीको समस्या भनेकै भूमण्डलीकृत साम्राज्यवादकै हो । चीन र अमेरिकाको ट्रेड वारका कारण चिलीको मुख्य आयको स्रोत मानिने कपरको मूल्य अन्तर्राष्ट्रिय बजारमा नाटकीय रूपले ओरालो लागेको छ । भूमण्डलीकृत अर्थतन्त्रको अभिन्न अङ्ग बनेको चिलीमा अन्तर्राष्ट्रिय डलरको मूल्य र अन्य अन्तर्राष्ट्रिय बजारको प्रत्यक्ष आर्थिक प्रभाव चिलीमा पर्ने गरेको छ ।

चिलीमा नवउदारवादको स्वेत आतङ्को अन्त्य गर्दै त्यसको वैकल्पिक व्यवस्थाको माग गरेर करिब २ महिनादेखि सडक आन्दोलन गरिरहेका छन् । आन्दोलनकारीहरुले १४ अक्टोबरदेखि अहिलेका चिलीका राष्ट्रपति सेबास्टिएन पिनराको राजीनामा र नयाँ समाजवादी संविधानको स्थापनाको लागि सङ्घर्ष गरिरहेका छन् । तर चिलीका मध्यमवर्गीय जनता अमेरिकी कठपुतली पिनराको सरकारलाई फालेर नवउदारवादी अर्थ व्यवस्थाको अन्त्य गर्न सङ्घर्ष गरिरहेका भए पनि त्यसको नेतृत्व कसले गर्ने भन्ने विषयमा भने आन्दोलनकारीहरु अन्योलमा देखिन्छन् । १७ अक्टोबरका दिन राजधानी सानएन्टिएगोमा मात्रै दशौं लाख जनता सडकमा उत्रिएका थिए । अहिले पनि सहरहरु आन्दोलनकारीको कब्जामा रहेका छन् । सरकारले बल प्रयोग गर्न सक्ने अवस्था नै छैन । तर अहिलेको चिलीको आन्दोलनको मुख्य समस्या भनेको नेतृत्वको हो । जसरी रुसमा लेनिनले पुँजीवादी राज्यसत्ताको तख्ता पल्टाए । त्यसरी नै चिलीको सेबास्टिएनको मक्किएको पुँजीवादी सत्तालाई ढाल्न नयाँ लेनिनको आवश्यकता खड्केको देखिन्छ ।

लेनिनले जसरी पुँजीवादको साम्राज्यवादमा पतन भएको पत्ता लगाए । लेनिनले साम्राज्यवादका विशेषगरी ५ वटा मुख्य चरित्र (पुँजीको निर्यात, औद्योगिक पुँजी र वित्तीय पुँजीको गठजोड र वित्तीय अल्पतन्त्रको अवस्था, अति उत्पादन, शक्ति राष्ट्रहरुको विभाजन र अन्तर्राष्ट्रिय एकाधिकावादी सङ्घको निर्माण) पत्ता लगाएर त्यसको ध्वंश पार्न सहरी जनविद्रोहको नेतृत्व गरे र रुसमा कम्युनिस्ट व्यवस्थाको जग बसालेका थिए ।

त्यसरी नै आज पनि पुँजीवादी ( भूमण्डलीकृत साम्राज्यवाद) का आर्थिक विशेषताको पहिचान गरेर त्यसको अन्त्य गर्दै वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गर्न आवश्यक छ । अझ चिलीमा आन्दालेनको वस्तुगत अवस्था तयार भइसके पनि आत्मगत अवस्था भने कमजोर देखिएको छ । मुख्यगरी वस्तुगत रूपले आन्दोलन अघि बढिसकेको भए पनि पनि आत्मगत रूपमा आन्दोलनकारी भने निक्कै नै कमजोरी देखिएको छ । विद्यमान नवउदारवादी व्यवस्थालाई चिरेर अगाडि बढ्न परिपक्व नेतृत्वको अझ भूमण्डलीकृत साम्राज्यवादी अर्थव्यवस्थालाई सैद्धान्तिक र सङ्गठनको माध्यमबाट चिरेर नवउदारवादको चिहान खन्ने एक्काइसौँ शताब्दीको लेनिन चाहिएको छ । आशा गरौं चिलीले पुँजीवादी व्यवस्थाका विरुद्धमा नयाँ लेनिनको जन्म दिने छ । विश्वभरी नयाँ विकल्पका लागि आन्दोलनको आँधी हुरी ल्याउने छ । त्यसको उदाहरण चिली, फ्रान्सको पछिल्लो देशव्यापी हड्ताल, इराकको सरकार विरोधी प्रदर्शन लगायत विश्वभरी पुँजीवादको विरुद्ध नयाँ क्रान्तिको उभारको थालनी भएको छ ।


## डिभिजन बन कार्यालय चितवनको अनुरोध

- **गैंडा, बाघलगायत संकटापन्न बन्य जन्तु, बन/बनस्पति र वासस्थानको संरक्षण र व्यवस्थापनमा ध्यान दिउँ, जैविक विविधताको संरक्षण गरौं ।**
- **कानूनबाट निषेध गरिएका बन्यजन्तुका अखेटो, पहार (हाड, छाला, दाँत, सिङ, पुच्छर) जस्ता चिज वा सो बाट बनेका बस्तुहरुको प्रयोग नगरौं ।**
- **बनमा पिकनिक खाई जथाभावी आगो नछोडौं, सानो आगोको झिल्कोले अमूल्य बन र बन्यजन्तुको नोक्सान पुऱ्याउन सक्छ ।**
- **यस समयमा प्रत्येक सा. बनहरुले कार्य योजना उल्लेख भए बमोजिम बनको उचित किसिमले बन व्यवस्थापनका कार्यहरु गरौं ।**
- **कानूनले वञ्चित गरेका बन पैदावारहरु बिना इजाजत आफू खुशी प्रयोग नगरौं, प्रयोग भएको पाइएमा तुरुन्त जि.व.का. मा खबर गरौं ।**
- **बन्यजन्तु बन क्षेत्रबाट बाहिर निस्कि कसैको क्षति पुऱ्याउन लागेमा तुरुन्त डिभिजन बन कार्यालय चितवनको फोन नं. ०५६- ५२०२१५ वा प्रहरी कार्यालय १०० मा खबर गरौं ।**


# रामेछाप डायरी

## यस्तो छ खाँडादेवी गाउँपालिकाको निर्णय

रामेछाप । खाँडादेवी गाउँपालिकाले गाउँपालिकाभित्र गर्भवती महिलाहरुको लागि सुत्केरी गराउन घरसम्मै एम्बुलेन्स सेवा उपलब्ध गराउने भएको छ । आमा र शिशुको सुरक्षालाई ध्यान दिदै गाउँपालिकाले निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने भएको हो । खाँडादेवी गाउँपालिकाका अध्यक्ष प्रेम बहादुर तामाङले गाउँपालिकाको सबै वडाभित्रका सुत्केरी महिलाहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखेर निशुल्क रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराइएको बताउनुभयो । उहाँले भन्नुभयो,'सुत्केरी हुने महिलाहरुलाई प्रसुती हुने बर्थिङ सेन्टरसम्म निशुल्क रुपमा एम्बुलेन्स उपलब्ध गराउछौ, सुत्केरी भत्ता पनि दिन्छौ ।'

प्रदेश ३ का आर्थिक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुँगेलले विकास सपेक्षतामा हुने बताएका छन् । विकासले एकैपटक फड्को नमार्ने बताउँदे उनले हिजोको अवस्थाबाट सुधार आउनु विकास भएको बताए । रामेछापको खाँडादेवी गाँउँपालिकालाई एम्बुलेन्स तथा सुरक्षित प्रसुती सेवा भवन हस्तान्तरण गर्ने कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री ढुँगेलले विकासको लागि धेरै काम गर्न बाँकि रहेको बताए । उनले विकासको लागि एकखालको नक्सा भने तयार भएको बताए ।

## जुनेली जुनार सहकारीको साधारणसभा सम्पन्न

रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नम्बर ८ मा रहेको जुनेली जुनार सहकारी संस्था लिमिटेड रामेछापले जम्मा १ करोड ४४ लाख ८० हजार रकमको कारोवर भएको छ । २०६४ सालमा स्थापना भएको संस्थाले आज रामेछाप नगरपालिका वडा नम्बर ८ रामेछाप बजारमा एक कार्यक्रमको आयोजना गरी तेह्रौं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । संस्थाका अध्यक्ष उमेश विक्रम थापाको अध्यक्षतामा भएको साधारण सभामा आयव्यय विवरण प्रस्तुत गर्दै संस्थाका अध्यक्ष थापाले यस वर्ष २४ लाख ५९ हजार आम्दानी गर्न सफल भएको बताउनुभएको छ । संस्थाले गत वर्ष २३ लाख १० हजार रुपैँयाँ आम्दानी गर्न सफल भएको छ । संस्थाको २०७६ असार मसान्तसम्मको शेयर पुँजि १० लाख ६१ हजार ६ सय ६५ रुपैयाँ रहेको अध्यक्षद्धारा प्रस्तुत आयव्यय विवरणमा उलेख गरिएको छ । संस्थाले विभिन्न शिर्षकमा ऋण लगानी गर्ने गरेको छ । तेह्रौं वार्षिक साधारण सभा कार्यक्रमा विभिन्न सहकारी संस्थाका प्रमुख एवम प्रतिनिधि , संस्थाका सियर सदस्य , वचतकर्ता लगायतको उपस्थिती रहेको थियो ।

## रामेछापका सुमो चालक कार्कीको मृत्यु

सिन्धुली जिल्लाको गोलन्जोर गाउँपाालिका वडा नम्बर ६ देरालीटारमा गएराति सुमो दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ भने अर्का एक जना गम्भिर घाईते भएका छन । हलेसी दर्शन गरी काठमाण्डौं फर्कदै गरेका यात्रु लिएर जाँदै गरेको ना १ ज ६९८५ को सुमो अचानक सिलिप खाएको र के कसरी सिलिप खाएको भनि हेर्न जाने क्रममा सोहि दिशाबाट आउँदै गरेको पुर्वधार विकास कार्यलय रामेछापको प्रदेश ३ –०१–००२–झ ४६९९ नम्बरको गाडिले ठक्कर दिँदा वर्ष ५० का रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नम्बर ७ सुकाजोरका शिव बहादुर कार्कीको मृत्यु भएको छ । अर्का एक जना सिन्धुपाल्चोक जिल्लाको पाचपोखरी गाउँपालिका वडा नम्बर २ बस्ने कमल खड्का गम्भिर घाईते हुनुभएको छ । उहाँको काठमाण्डौंको नभिक अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यलय सिन्धुलीले जानकारी दिएको छ । सुमोमा १० जना यात्रु थिए । उनिहरु सबै जना सकुसल रहेको प्रहरीले जानकारी दिएको छ । सुमो चालक कार्कीको मृत्युको खबरले रामेछाप बजारका स्थानिय र वडा नम्बर ७ सुकाजोरका स्थानियहरु शोकमा डुबेका छन । मृतक कार्की एक ईमान्दार , समाजसेवि र दयालु स्वभावका सवारी चालक थिए ।

## जिल्ला हुलाकका प्रमुख शर्मा विरुद्ध उजुरी

रामेछाप । जिल्ला हुलाक कार्यालय रामेछाप अर्न्तगत करार सेवामा कार्यरत कर्मचारीहरुले कार्यालय प्रमुख मञ्जु शर्मा विरुद्ध उजुरी दिएका छन् । उक्त कार्यालयका १५ जना कर्मचारीहरुले आफनो कार्यालय प्रमुख शर्माले हुलाक सेवा विभागले सरकारले न्युनतम पारिश्रमिक कार्यान्वयन गर्ने परिपत्र गरेको लामो समय वितिसक्दा पनि आफुहरुका हकमा उक्त निर्णय लागु नगरेको भन्दै त्यसको तत्काल कार्यान्वयनको माग राख्दै आईतावार जिल्ला प्रशासन कार्यालयमा लिखित उजुरि दर्ता गराएका हुन् । हुलाक सेवा विभागको लिखित परिपत्र र १५ जनाको हस्ताइर सहित उनिहरुले प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा पुगेर उजुरी पत्र दर्ता गराउँदै आफनो माग पुरा गराई दिन माग गरेका छन् । हाल सम्म उनिहरु मासिक ८ हजार रुपैयाँ तलबका भरमा काम गर्दे आएको र तलब बृद्धिका लागि निरन्तर रुपमा लड्दै आएका थिए । अभियानकै क्रममा नेपाल सरकारले न्युनतम पाश्रिमिक १३४५० रुपैयाँ निर्धारण गरि अन्य जिल्लाहरु र छिमेकि जिल्ला दोलखा र सिन्धुलीले समेत निर्णय कार्यान्वयनमा ल्याई सक्दा पनि आफुहरुको गुनासो सुनुवाई नभएपछि वाध्य भएर न्यायको ढोका ढक ढक्याउन बाध्य भएको समितिका अध्यक्ष सुब्बा थापाले बताए । बिभागले ७७ वटै जिल्लालाई २०७६।०७।१८ को मितिमा लिखित परिपत्र पठाएर न्युनतम् पारीश्रमिक लागु गर्न र नपुग रकमको हकमा बिभागमा पत्र पठाउन समेत भनेको छ । सरकारी परिपत्र आएको लामो समय बितिसक्दा पनि कार्यालयले पन्साउने र आलटाल मात्र गरेर कार्यान्वयनको चरणलाई लम्ब्याउने कामलाई निरन्तरता दिंदै आएको समितिका सदस्य लम्बोदर घिमिरे बताए । उजुरीका सम्बन्धमा प्रशासन कार्यालयमा सम्पर्क गर्दा कार्यालयका नासु लक्ष्मण भुजेलले नीतिगत रुपमा करार कर्मचारीका माग पुरा गर्न कुनै समस्या नरहेको भन्दै यो समस्यालाई कार्यालय प्रमुख र आन्दोलनरत कर्मचारीका विचमा राखेर छलफल गराई माग पुरा गर्ने आश्वासन पनि दिए ।

# पोखरेल प्रतिष्ठानको पद हस्तान्तरण

भारद्वाज गोत्रीय पोखरेल प्रतिष्ठानको दोश्रो केन्द्रीय साधारण एवम् अधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी र सदस्यहरुलाई शनिबार भरतपुरमा पद हस्तान्तरण गरिएको छ। 'एकीकृत सांस्कृतिक पहिचान, हाम्रो अभियान' भन्ने मूल नाराका साथ प्रतिष्ठानको गएको असोज २६ र २७ गते चितवनमा अधिवेशन सम्पन्न भएको थियो। पद हस्तान्तरण समारोहमा आधिकारिक कर्मचारी ट्रेड युनियन महासंघका उपाध्यक्ष एवम् निर्वाचन समितिका सदस्य भोलानाथ पोखरेलले निर्वाचित सदस्य एवम् पदाधिकारीहरुको नाम घोषणा गर्दै उनीहरुलाई सपथ समेत खुवाएका थिए। निर्वाचित पदाधिकारीहरुलाई बधाई दिँदै उनले सबै समुदायले आफ्नो ईतिहास खोजेर संगठित भईरहेका बेला प्रतिष्ठानको यो कार्य सम्मानयोग्य भएको बताए। अब यो संगठित अभियान परिस्कृत र देशकै समृद्धितर्फ लाग्नुपर्नेमा उनको जोड थियो।

प्रतिष्ठानले यसअघि अधिवेशन सम्पन्न गर्न राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. गोविन्द पोखरेलको संयोजकत्वमा कर्मचारी ट्रेड युनियन महासंघका उपाध्यक्ष भोला पोखरेल र जिल्ला कारागार पर्साका प्रमुख श्रवणकुमार पोखरेल सदस्य रहेको तीन सदस्यीय निर्वाचन समिति गठन गरेको थियो।

अधिवेशनबाट पुनः ओमप्रसाद पोखरेलकै अध्यक्षतामा ५१ सदस्यीय नयाँ कार्यसमिति चयन भएको छ। प्रतिष्ठानको कामलाई व्यवस्थित बनाउन शनिबार ११ सदस्यीय कार्यसम्पादन समिति गठन गरिएको छ। जसमा अध्यक्ष ओमप्रसाद पोखरेल, उपाध्यक्षहरु शान्तप्रसाद पोखरेल, शंकर पोखरेल र माधवप्रसाद पोखरेल छन्। यसैगरी महासचिव हरिप्रसाद पोखरेल, कोषाध्यक्ष रेखा पोखरेल, सह कोषाध्यक्ष धनप्रसाद पोखरेल र सदस्यहरुमा भीमप्रसाद पोखरेल, रामप्रसाद पोखरेल, शारदा पोखरेल, यदुनाथ पोखरेल कार्यसम्पादन समितिमा छन्।

देशका विभिन्न जिल्लाबाट आएका पोखरेलहरुको कार्यक्रममा सहभागिता रहेको थियो। पोखरेलहरुले आफ्नो वंशावली, टेलिफोन डाइरेक्ट्री, केन्द्रीय कार्यालय निर्माण गर्ने विषयमा कार्यक्रममा व्यापक छलफल गरेका थिए। कार्यक्रममा अध्यक्ष ओमप्रसाद पोखरेलले प्रतिष्ठानको भावी कार्ययोजना, महासचिव हरिप्रसाद पोखरेलले प्रगति प्रतिवेदन र कोषाध्यक्ष रेखा पोखरेलले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

नेपाल संस्कृत विश्वविद्यालयका प्राध्यापक प्राध्यापक श्रीधर शर्मा मजगैया पोखरेल, गोविन्दप्रसाद पोखरेल, सुनिलकुमार पोखरेल, महेन्द्र पोखरेललगायतले प्रतिष्ठानको कामलाई गतिशिल बनाउन अनुरोध गरे।

केन्द्रीय कार्यालय निर्माण सहयोगार्थ पोखरेलहरुले आगामी माघ ११ गतेदेखि १८ गतेसम्म चितवनमा वृहद् महायज्ञ सञ्चालन गर्दैछन्। चितवनको देवघाटमा पोखरेलहरुको केन्द्रीय प्रतिष्ठान निर्माण गर्न स्व. चुणामणि पोखरेलले दिएको करिब डेढ कठ्ठा जमिनमा भारद्वाज ऋषिको मूर्ति सहित विश्राम गृह र मन्दिर निर्माण गरिने प्रतिष्ठानको तयारी छ। चितवनको पारसनगरमा हुने वृहद् धनधान्याञ्चल महायज्ञ कार्यक्रम सम्पन्न गर्न ओमप्रसाद पोखरेलको संयोजकत्वमा मूल समिति निर्माण गरिएको छ। महायज्ञकै लागि विभिन्न ३२ वटा विषयगत उपसमितिसमेत निर्माण गरिएको छ।


भवनलाई भारद्वाज गोत्रीय पोखरेलहरुको आफ्नो भवन भन्ने भावना दिलाउनको लागि देशभरिका पोखरेलहरुबाट मुठ्ठी दान उठाएर भवन निर्माण गर्नुपर्ने सहभागिहरुले बताएका थिए। उक्त स्थानमा हवनकुन्ड सहितको पितृलाई पिन्ड दिने स्थल समेत निर्माण गरिने भएको छ।

यसैगरी प्रतिष्ठानले श्रीधर मजगैया पोखरेलको संयोजकत्वमा ७ सदस्यीय वंशावली मस्यौदा समिति, प्रा.डा. राजाराम सुवेदीको संयोजकत्वमा विज्ञ समिति, र महासचिव हरिप्रसाद पोखरेलको संयोजकत्वमा टेलिफोन डायरी प्रकाशन समिति निर्माण गरेको छ।

# जाडो याममा मष्तिकघात (स्टोक) किन बढी हुन्छ ?

सुरेशकुमार अधिकारी'मित्र'

चिसो मोषम अर्थात जाडो शुरु हुदै गरेको अवस्था हो हामी अब जाडोको महसुस गदैछौं। यस्तो मौसममा खासगरी मस्तिकघात ( स्टेक) हुने जाडोमा बढी हुन्छ। यो भनेको हाम्रो ब्रेनमा - मस्तिक अक्सिजन रगतको माध्यमवाट जति पुग्नुपर्ने हो त्यो नपुग्दा हुने समस्या नै मस्तिक घात हुने सम्भावना हुनछ। मस्तिकलाइ चाहिने नियोरोनको पहिचान समय मै गर्न सके राम्रो हुन्छ। यदि यो रोगले आक्रमण गरेको थाह भएन भने वा उपचार ४ घण्टा भित्र हुन नसकेर मस्तिक घात हुने देखिन्छ।




हामीले मुटुको हट् अट्याक भने जस्तै अकस्मात स्टोक हुन गएमा यसलाइ ब्रेन अट्याक भन्ने पनि गरिन्छ। यो खासगरी रगतमा बग्ने अक्सिजनमा अवरोध उत्पन्न भएपछि हुने गर्दछ। यस्तो अवस्थामा मस्तिकको कोशिका मर्न थाल्दछ। नयाँ कोशिका सक्रिय बन्न सक्दैन। यसले कति मात्रमा मस्तिकमा रगत पुग्न पर्ने त्यति मात्रमा पुऱ्याउन वा पुग्न सक्दैन यदि त्यस्तो अवस्था भयो भने यसले सम्पूर्ण सरिरलाइ नै प्रभावित पार्न सक्छ। जस्तै पक्षघात, सोच्न र बोल्न समस्या टाउको वढी दख्ने पिडा हुन सक्छ।

मस्तिक घात अर्थात स्टोक दुइ प्रकारको हुन्छ। इस्कोमिड र हेमोरेजिक। इस्कोमिड स्टोकमा रगत जमेर मस्तिकको रक्त बाहिनी नलीहरु व धमनी बन्द हुन्छ भने रक्त बाहिनीहरु मस्तिकमा टुटेर रगत बग्दा हेमोरेजिन स्टोक हुन्छ। यसले गर्दा मस्तिक सुनिन्छ र खोपडीमा दवाव पर्न सक्दछ। यो खासगरी मस्तिकको बाया भाग पटी हुने गर्दछ। यदि स्टोक बाया भए दाया र बाया भए दाया पटी पक्षघात हुने सम्भावना बढी हुन्छ। त्यस्तो अवसथाको समबन्धमा ३५ प्रतिशत मात्र बच्यो भने बचाउन सकिन्छ। तर त्यो भन्दा बढी भयो भने अलि खतरा हुने सम्भावना रहन्छ। यसबाट बच्न उच्च रक्तचाप नियन्त्रण गर्ने, आफुले खाइरहेको औषधि खान नछोड्ने, धुम्रापान, मध्यपान नगर्ने धेरै नखाने हावा खेल्ने कोठामा सुत्ने, मन तातो खानेकुरा, पाषिलो परिकार खाने, नुन कम खाने, नियमित ब्याम गर्ने घाम तप्ने, पानी प्रशस्त पिउने राति एक गिलास पानि पिएर सुत्ने, कशिलो लुगा नलगाउने, धेरै सोचेर नबस्ने यी कुराहरुमा ध्यान दिनुपर्छ जसले गर्दा मस्तिक घातवाट जोगिन सकिन्छ।

# स्वर्ण पदक विजेता कार्कीको अनुभव

१३ औं दक्षिण एसियाली ( साग ) मा सितेरियो कराते को काता विधावाट स्वर्ण पदक जित्न सफल सरु कार्कीको अनुभव यहा प्रस्तुत गरेका छौं।

**० तपाइले स्वर्ण पदक जित्नुभएको छ कस्तो लगिरहेको छ ?**

अत्यन्तै खुसी लागेको छ।

**० खेल खेल्नुभन्दा अगाडी तपाइलाइ कस्तो अनुभव भएको थियो ?**

- मलाइ कन्फिडेन्स थियो म मेरो बिधामा सफल हुन्छु त्यसमाथि राष्ट्रको प्रतिष्ठाको विषय थियो नेपाली खेल प्रेमीहरुको आशा हामीमाथि हुनु स्वभाविक नै हो। त्यो मैले महसुस गरेको थिए र यो अन्तराष्ट्रिय प्रतिस्पर्धा हो मैले हार्दा हाम्रो देशले हार्छ भन्ने चिन्ता थियो। त्यसकारण म काही चुक्न् हुदैन र मेहनत गर्नुपर्छ भन्ने लागिरहन्थ्यो त्यही अनुसार मेहनत गरिरहे,




त्यसैगरी मेरा गुरुहरु जसले हामीहरुलाइ क्ष्यम्पमा प्रत्येक दिन खेलकुदको अनुशासन दृढता, प्रेरणा र निंधक्क भएर खेल्नुपर्छ भनि सिकाउनु हुन्यो उहाहरुलाइ धेरै धेरै धन्यवाद दिन चाहान्छु साथै सिगो प्रहरी संगठनलाइ किनकी म नेपाल प्रहरीमा आवद्ध नभएको भए सायद मेरो खेलकुदवाट नाम कमाउने चाहाना पुरा हुन्यो कि हुन्थेन १

**० नेपाल प्रहरीमा कति सालमा भर्ना हुनुभयो ?**

२०७० सालमा

**० अध्ययन कहाँवाट गर्नुभयो ?**

- मेरो जन्म पाल्पा जिल्लाको बल्देगढी ७ मा भएको हो। मैले त्यही पाल्पाको गहते मा.बि. वाट कक्षा ८ उत्रिर्ण गरेको र ९ र १० सत्यवती उच्च मा.बि. पाल्पा मा नै पढेको हो। तर मेरो १० कक्षा पढ्दा कारणबस परिक्षा दिन सकिन र २०७० सालमा नेपाल प्रहरीमा भर्ना भए जागिरमा फिट भएपछि त्यहा थुप्रै अवसरहरु हुदा रहेछन् त्यो अवसरलाइ मैले सदुपयोग गरे शिक्षामा अपुरो रहेको मेरो एस.इ.इ परिक्षा दिन पुनः तयारी गरे र २०७२ मा एस इइ पुरा गर्न सफल भए त्यसको सँगसगै खेलकुदलाइ निरन्तरता दिए त्यसैको प्रतिफल आज अन्तराष्ट्रिय पदक जित्न सफल भएको छु।

**० परिवारमा को को हुनुहुन्छ ?**

मेरो बुबा आमा र हामी छ जना दाजु बाहिनी छौं।

**० बुबा आमाको नाम भनिदिनुसन ?**

बुवाको नाम ओम बाहादुर कार्की र आमाको टुमकुमारी कार्की हो।

**बधाइ छ अन्तराष्ट्रिय स्वर्ण पदक जित्नु भएकोमा।**

धन्यवाद मलाइ मेरा अनुभन राख्न सहयोग गर्नुभएकोमा र खेलकुदलाइ प्रथामिकता दिनुभएकोमा यस जन आकाश पत्रिकालाइ बिशेष धन्यवाद र आभार।

## अन्तराष्ट्रिय समाचार

### फिलिपिन्समा भूकम्प सातको मृत्यु

फिलिपिन्सको दक्षिणी क्षेत्र मिन्दानाओको पहाडी इलाकामा आइतबार ६.८ म्याग्नीच्युडको भूकम्प आएको छ। यसमा भूकम्पमा परी कम्तीमा सात जनाको मृत्यु भएको छ। माग्सायसायदेखि तीन माईल दक्षिणपूर्व क्षेत्रमा भूकम्पको केन्द्रविन्दु रहेको प्रकोप जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यालयका अधिकारीहरुलाई उद्धृत गर्दै स्थानीय सञ्चार माध्यमहरुले जनाएका छन्। यस भूकम्पबाट ज्यान गुमाउने व्यक्तिहरुमा छ वर्षीया एक बालिकासमेत रहेकी जनाइएको छ। अन्य छ जनाको शव भने पदादा सहरमा रहेको व्यापारिक भवन भित्र च्यापिएको अवस्थामा उद्धारकर्ताहरुले सोमबार फेला पारेका स्थानीय पत्रिका 'फिल्स्टार ग्लोबल' जनाइएको छ। खोजी तथा उद्धार कार्य अहिले पनि जारी रहेको अधिकारीहरुले जनाएका छन्। भूकम्पपछिको पहिलो चार घण्टासम्म १ सय ७९ ओटा पराकम्प गएको पनि उनीहरुले जनाएका छन्।

### अमेरिकी विशेषदूतद्धारा उत्तर कोरियासँग वार्ता प्रस्ताव

उत्तर कोरियाका लागि अमेरिकी विशेष आणविक दूत स्टेफान बेइगनले उत्तर कोरियासँग वार्ताको प्रस्ताव गर्नुभएको छ। उहाँले सोमबार दक्षिण कोरियाको राजधानी सोलमा आयोजित एक कार्यक्रममा सो जानकारी दिनुभएको प्राप्त समाचारमा जनाइएको छ।

अमेरिकाको तर्फबाट आएको यो धेरै पछिको वार्ता प्रस्तावलाई विश्व समुदायले भने सकारात्मक रुपमा लिएको समाचारमा जनाइएको छ। सोमबार दक्षिण कोरियाको राजधानी सोलमा आयोजना गरिएको एक पत्रकार सम्मेलनको क्रममा सो जानकारी दिनुभएको हो।

सोमबार बिहान सोलमा उत्तर कोरिया र दक्षिण कोरियाको आणविक दूतहरुको संयुक्त पत्रकार सम्मेलनको आयोजना गरिएको थियो।

सो क्रममा उत्तर कोरियाली आणविक दूत लि डु हुन पनि हुनुहुन्थ्यो। उहाँ दक्षिण कोरियाको तीन दिने औपचारिक भ्रमणका लागि आइतबार मात्र सोल आइपुग्नुभएको हो। सो पत्रकार सम्मेलनमा उहाँले उत्तर कोरियाली दूतसामु भन्नुभयो( यो वार्ताको समय हो, अब हामी यसका लागि अघि बढ्नुपर्छ। मलाई लाग्छ यस विषयमा उत्तर कोरिया पनि तयार हुनुपर्छ र हाम्रो कामका लागि अब हामी अघि बढ्नुपर्छ। उत्तर कोरियाले 'महत्वपूर्ण मिसाइल परीक्षण' गरेको समाचार दुई दिनमात्र अघि सरकारी समाचार संस्था (केसीएनए)मार्फत शनिबार सार्वजनिक गरेको जनाएको थियो। उत्तर कोरियाको यो जानकारी पछि लगत्तै अमेरिकी दूतका तर्फबाट वार्ताको प्रस्ताव आएको छ। यस समय अमेरिकाको औपचारिक वार्ता प्रस्ताव आउनुलाई अर्थपूर्ण रुपमा लिइएको समाचारमा जनाइएको छ। विशेषदूत बेइगनले भन्नुभएको छ( अमेरिकाले शान्तिवार्ताका लागि कुनै समय पर्खिनुपर्दैन र वार्ताको विशेष दिन पर्खिनुपर्दैन।

उहाँले भन्नुभयो( हामीले तर नेताहरुले सिंगापुरमा गरेका प्रतिबद्धताहरुलाई पूरा गर्ने हो, त्यसका लागि हामी वार्ता गर्न सधैं प्रतिबद्ध नै छौं। उत्तर कोरियाले एक हप्ताभन्दा कम समयमा दुई ओटा नै यस्ता आणविक परीक्षण गरेको बताइएको छ। उत्तर कोरियाको सोहाएबाट नै यी परीक्षणहरु गरेको समाचारमा जनाइएको छ।

अमेरिका र उत्तर कोरियाबीचको परमाणु वार्ता अहिले रोकिएको छ र परीक्षण उत्तर कोरियाका लागि अमेरिकी विशेष दूत तीन दिन लामो भ्रमणमा सोल आउनुभन्दा ठीक दुई दिन पहिले भएको हो।

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाका नेता किम जोङ उनबीच गत अक्टोबर महिनामा स्टकहोममा पनि उच्चस्तरीय वार्ता भएको थियो। त्यो वार्तामा खासै कुनै नयाँ एजेन्डामा सहमति नभएको भए पनि वार्ता भने सकारात्मक भएको बताइएको थियो। उत्तर कोरिया सरकारका प्रवक्तालाई उद्धृत गर्दै समाचार संस्था केसिएनएले उत्तर कोरियाले उसको यसअघि पनि आणविक परीक्षणहरु गर्ने गरेको स्थलबाट देशको परमाणु क्षमता विस्तार गर्ने खालको महत्वपूर्ण परीक्षण गरेको जनाएको थियो। यस वार्ताको प्रस्तावको विषयमा उत्तर कोरियाको तर्फबाट भने कुनै प्रतिक्रिया आएको छैन। अमेरिकाले उत्तर कोरियाले सिंगापुरमा व्यक्त गरेको निशस्त्रीकरणको प्रतिबद्धता नै पूरा गर्न नसकेको जनाएको छ। तर पनि अमेरिकी यस भनाई सत्य नरहेको उत्तर कोरियाले बताउँदै आएको थियो। उसले भने सिंगापुरमा भएको प्रतिबद्धता बमोजिम आफूले काम गरेको बरु अमेरिकाले भने त्यस बमोजिम काम नगरेको बताउने गरेको छ। तर शनिबार भएको यस पछिल्लो आणविक परीक्षणपछि भने अब उत्तर कोरिया निशस्त्रीकरणको पक्षमा नै नरहेको कुरा प्रष्ट भएको अमेरिकी भनाई रहेको विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन्।

### पाकिस्तानभरी इन्टरनेट सेवामा समस्या

प्राविधिक समस्याका कारण पाकिस्तानमा देशभरी इन्टरनेट सेवामा समस्या भएको छ। कतारको राजधानी दोहानजिकै केबुलमा आइतबार समस्या आएपछि पाकिस्तान भरी नै इन्टरनेट सेवामा समस्या आएको जनाइएको छ। 'पाकिस्तान टेलिकम्युनिकेसन कम्पनी लिमिटेड ( पिटिसिएल)'ले वक्तव्य जारी गरेर एएइ–१ केबुलमा प्राविधिक समस्या भएकाले इन्टरनेट सेवा सञ्चालन नभएको स्पष्ट पारेको छ। इन्टरनेट प्रयोगकर्ताहरुले इन्टरनेट सेवा निकै सुस्त भएको र कतिपय ठाउँमा त घन्टौंसम्म पनि चल्दै नचलेको बताएका छन्। पाकिस्तानमा सञ्चालन भएको इन्टरनेट दक्षिण पूर्वी एसिया, युरोप, इजिप्टलगायतका देशमा भएको इन्टरनेटसँग सम्बन्धित रहेको अधिकारीहरुले जनाएका छन्। त्यसैगरी हङकङ, भियतनाम, कम्बोडिया, थाईल्याण्ड, मलेसिया, सिङ्गापुर, म्यानमार, भारत, पाकिस्तान, ओमन, युएई, कतार, यमन, साउदीअरब, इजिप्ट, ग्रिस, इटली र फ्रान्समा सञ्चालन भइरहेको इन्टरनेट एउटै सञ्जालबाट वितरण भइरहेको प्राविधिक तथा विज्ञहरुको भनाई छ।

# दल र नेताहरू नै विश्वविद्यालयहरूमा हावी

मनोजकुमार कर्ण

हाल धेरै विश्वविद्यालयहरू पूर्णकालीन नेतृत्व अर्थात उपकुलपतिविहीन अवस्थामा छन्। कार्यवाहकको भरमा विश्वविद्यालय चलिरहेको छ। जसको कारणले स्वेच्छाचारी निर्णयहरू मनपरेको विचार वा व्यक्तिको हकमा धमाधम भईरहेको, सरूवाहरू भइरहेको सुनिन्छ। त्रिविको हकमा सहकुलपति शिक्षामन्त्रीको सर्च कमिटिले भीसी खोजी रहेको छ भने अन्य विश्वविद्यालयको पनि सोहि अवस्थामा छ। विश्वविद्यालयपिच्छे समयानुकूल अलि फरक ऐन छ जस्तै त्रिविमा रेक्टर छ भने कति नयाँमा यो पद छैनन् ! विश्वविद्यालयमा प्रायः सेमेष्टर प्रणाली लागू भईसकेको छ। जसलाई असफल पार्न पार्टीगतरूपमै एउटा विद्यार्थी तथा प्राध्यापककै वैचारिक वर्ग लागेको छ। उनीहरूले पार्टीगत लडाई सरकारसँग सडक र सदनमा नगरी विश्वविद्यालयमा गरिरहेको प्रत्यक्ष अनुभव गर्न सकिन्छ। सेमेष्टरले निर्धारित गरेको विद्यार्थीको हकमा न्यूनतम असी प्रतिशत हाजिरि, टर्म पेपर लेखन, प्रोजेक्ट वर्क, रिसर्च राईटिङ एमएलए वा एपीए वा विषयको आफ्नो विशिष्ट स्टाईलमा हुनुपर्ने, थेसिस प्रपोजल तथा थेसिस मौलिक लेखिएको, कक्षामा शिक्षार्थी तथा प्राध्यापक नियमित, ठिक समयमा पुग्ने र तोकिएको समयावधिभित्र कक्षामा क्रियाकलापमा रह्नुपर्ने, सेमेष्टर परिक्षा धांधलीरहित तथा निष्पक्ष आदि हालको अवस्था निराशाजनक छ ! जो परिक्षाहलमा ईन्भिजिलेटर वा कक्षामा प्राध्यापक, क्याम्पसमा विभागीय प्रमुख वा सहायक क्याम्पस प्रमुख वा स्वयं प्रमुख नै व्यक्तिगतरूपमा ईमान्दार भई कडा हुन खोज्यो कि उसले औसतमा बढी अनैतिक तथा भ्रष्ट विद्यार्थी र प्राध्यापकको ग्यांगबाट ज्यानमाथि खत्तरा छ। परिक्षामा हरेक विद्यार्थी संघ वा संगठनका केही अवाञ्छित तत्वहरू सहायक वा क्याम्पस प्रमुख कै कक्षमा बसेर बकाईदा आफ्ना विद्यार्थीलाई चीट चोराउन सहयोग गर्ने, शौचालयमा गएर उत्तरपुस्तिका नै साटिदिने वा परिक्षाहलमा पहिल्यै टाँसेको सिट प्लान अनुसार सिम्बोल नम्बर च्यातेर मनलाग्दी बस्ने तथा क्याम्पस प्रशासन चाहिं बाहिर तैनाथ प्रहरी सुरक्षाकर्मीसहित टुलुटुलु हेरेर बस्ने अवस्था भने बोल्ने जुन विचारका जो व्यक्तिपनि आक्रमणमा पर्ने अवस्था छ। यस्तोमा चीटसमेत नै कसैले हलमा समात्यो भने कसले उसलाई निष्काशन गर्न सक्छ ? क्याम्पसहरूमा यति राजनीतिक हस्तक्षेप दलीय भागवण्डा विभिन्न प्रशासनिक पदमा हुन थाल्यो र यति औसतभन्दा बढी अराजक तथा माफिया विद्यार्थी तथा स्वयं पढाउन नचाह्ने प्राध्यापककै हुने भयो कि कोही व्यक्ति प्राध्यापक वा विभागीय प्रमुख वा सहायक क्याम्पस प्रमुख वा कसैले एउटा प्राज्ञिकभएर नै काम गर्न गाह्रो छ। यस्तो अवस्थामा केवल पद टिकाएर बायोडाटा भर्नेमा हाम्रा अधिकांश पदाधिकारीहरू क्याम्पसदेखि विश्वविद्यालयसम्म तल्लिन रहेको देखिन्छ। विश्वविद्यालयहरूले देशमा नैतिकवान, योग्य विद्यार्थी उत्पादन गर्नुपर्ने तथा देशको रूमल्लिएको राजनीतिलाई विश्वको मान्यता अनुसार उदार अर्थनीति र लोकतान्त्रिक मौजूदा राज्य व्यवस्था टिकाउने अनुसारको सोच राजनीतिक दल तथा नेतृत्वलाई दिनुपर्नेमा दल र नेताहरू नै विश्वविद्यालयहरूमाथि हावीभएको परिस्थिती छ।

उपकुलपतिको मापदण्ड

**पहिलो, विगतमा नेतृत्व वा शक्तिमा रह्न नपाएका वा रह्न नचाहेका तर अति विद्वान वर्गहरू हाल कोही अवकाशप्राप्त भईसकेका छन् भने कोही समय नपुग्दै खराब आचरणका केही विद्यार्थी, प्राध्यापक तथा कर्मचारीवर्गको असहयोगले अवकाश लिईसक्नु भएका मध्ये नियुक्त गर्न सकिन्छ जसमा त्रिविका अंग्रेजी विभागकै अरूण गुप्तो, सञ्जीव उप्रेती वा अम्मराज जोशीलगायत वा अन्य विभागका तथा जुनसुकै विचारधाराका कतिपय योग्यहरू छन् जससंग भिजन र प्रशासनको ज्ञान छ । तर हालको अवस्थामा प्राध्यापक, कर्मचारी र विद्यार्थी नै केही असामाजिक तत्वबाट पदाधिकारी असुरक्षित भएको पाईएकोमा मन्त्रीसरह सरकारले अंगरक्षकको व्यवस्था गर्नुपर्ने देखिन्छ ।**

त्रिविको उपकुलपति अर्थात् भीसीलगायत अन्य विश्वविद्यालय तथा तिनका जुनसुकै पदमा पनि उसको ऐनलाई टेकेर नै नियुक्त गर्ने, २०४६ सालको बदलिएको परिवर्तित राजनीतिक परिस्थितमा एकाध अपवाद नियुक्ति बाहेक, प्रावधानरहेको देखिन्छ। हालको परिस्थितीमा स्वार्थ र कपटबाहेकको अवस्थामा विश्वविद्यालयलाई पठनपाठनको मन्दिरबनाउन पदाधिकारी वा परिक्षा नियन्त्रक खासगरि नियुक्त गर्न यदि हलुका ऐन परिवर्तन नै गर्नुपर्नेछ भने हरेक दल तथा अनुभवी पूर्व भीसीहरूको सल्लाहमा सरकारले कदम चाल्नुपर्ने देखिन्छ। जस्तै, यदि त्रिविको मानौं परिक्षा निष्पक्ष र चीट् चोर्ने नभई धांधलीरहित लिनु छ र मौजूदा केवल विद्वत्वर्गबाट सम्भव छैन भने निजामति कर्मचारी, सेना र प्रहरीमध्ये पिएचडी होल्डर, निडर, नैतिकवानलाई एकाध कार्यकालको लागि किन नियुक्त नगर्ने ? ऐनको घेराबन्दी किन नतोड्ने ? त्यसतै, यी पदाधिकारीहरूमा चारवर्षे कार्यकालको भिजन प्रष्ट हुनुपर्ने, जुन विचारबाट भएपनि "ऐकेडिमिसियनको टिम" मिलाएर नियुक्त गर्ने। सरकार, सरकारीनीति, राज्य व्यवस्था आदि तथा कोर्ष अफ् स्टडीप्रति निष्ठावान भएपनि अनावश्यक राजनीतिक हस्तक्षेपविरूद्ध दलहरूलाई सम्झाएर अडान लिन सक्ने क्षमतावानपनि विश्वविद्यालय नेतृत्व हुनुपर्‍यो। साथै, स्वयं सरकारले राजनीतिक सहमतीमै नियुक्त गर्दा हस्तक्षेप गर्ने वा दबाव दिने जस्ता कामहरू नगर्ने संकल्पपनि सार्वजनीक गर्नुपर्‍यो। पदाधिकारीमा दक्षता, संक्रमणकालीन् देशको अवस्थामा नेतृत्वगर्ने क्षमता, आफ्नो संस्थाप्रति पारदर्शी जस्तै, "म आएको दिनमा के कस्तो अवस्थामा संस्था छ ?" सो बारे जानकारी लिई तथा दिई जानेबेलामा "कति अगाडी वा बढी दिएर जाने हुँ ?" सो बारे प्रष्ट आदि हुनुपर्ने तथा जायज र कानुनतः कार्यकार्वाहीको लागि केही अवाञ्छित समूहको नाममा कुनै विद्यार्थी संघ/संगठनसंग नझुक्ने तर ऐन र तर्कसंगत ढंगले डील गरेरै छाड्ने आत्मविश्वासी र दृढ व्यक्ति चाहिन्छ। तत्काल यति नै गरिदिए संस्थाहरूको उत्थान हुनेछ।

समाधानका विकल्पहरू

पहिलो, विगतमा नेतृत्व वा शक्तिमा रह्न नपाएका वा रह्न नचाहेका तर अति विद्वान वर्गहरू हाल कोही अवकाशप्राप्त भईसकेका छन् भने कोही समय नपुग्दै खराब आचरणका केही विद्यार्थी, प्राध्यापक तथा कर्मचारीवर्गको असहयोगले अवकाश लिईसक्नु भएका मध्ये नियुक्त गर्न सकिन्छ जसमा त्रिविका अंग्रेजी विभागकै अरूण गुप्तो, सञ्जीव उप्रेती वा अम्मराज जोशीलगायत वा अन्य विभागका तथा जुनसुकै विचारधाराका कतिपय योग्यहरू छन् जससंग भिजन र प्रशासनको ज्ञान छ। तर हालको अवस्थामा प्राध्यापक, कर्मचारी र विद्यार्थी नै केही असामाजिक तत्वबाट पदाधिकारी असुरक्षित भएको पाईएकोमा मन्त्रीसरह सरकारले अंगरक्षकको व्यवस्था गर्नुपर्ने देखिन्छ। दलमा नअल्झौं !

दोस्रो, कुनै बेला भारतको बिहार राज्यमा परिक्षामा टेबुलमाथि डायगर/छुरा घोपेर चीट चोर्नेसम्मको शिकायत आउंदा ईन्डियन पुलीस सर्भिस (आईपीएस्)का अवकाशप्राप्त नागमणिलाई परिक्षा नियन्त्रकको जिम्मा दिए झैं सेना वा प्रहरी वा कर्मचारीवर्गबाट जसले पीएचडी गरेका छन्, निष्कलंक छन्, जससंग भिजन छ, त्यसतालाई केही कार्यकालको लागि भनेर ल्याऔं तर यसको लागि कति विश्वविद्यालयमा ऐनमा संशोधन गर्नुपर्ने हुन्छ।

त्यस्तै, क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुख वा विभागीय प्रमुख पदहरूमा सक्दो वरिष्ठ र तोकिएको योग्य तर प्राज्ञिकताको सवालमा उ कम छ भने अलि कनिष्ठभएपनि भ्रष्टाचार नगरेको र स्वयंपहिला अन्यथाबाहेक नियमित ड्यूटी गर्ने नैतिकवान, प्रशासनीक अडान लिनसक्ने, मालपानी कमाउन छोडेर शैक्षिक गतिविधिमा नडराईकन लाग्ने, दलीय भागवण्डामा नभई योग्यलाई समेट्नुपर्ने, शैक्षिक गतिविधिमा स्वयं प्राध्यापकको जुन विचारको भएपनि हरेक कर्मचारी र खासगरी विद्यार्थी संघ/संगठनलाई प्राज्ञिकता र नियमतः मात्र ट्रिट् गर्ने आदि खालको हुनुपर्छ। क्याम्पस वा विश्वविद्यालय पदाधिकारीमा उच्च नैतिकताभएको तथा "टीम मिलेको"लाई मात्र पठाउँदा यी निकायहरूको कल्याण हुने देखिन्छ। एउटा प्राज्ञिक छ तर अर्को पदमा रहेर पैसा कमाउने र केवल बायो डाटा भर्ने तथा जससंग संस्था विपरीत जेपनि सम्झौता गर्ने मनि माईन्डेड् र नेताको पिच्छलग्गु भयो भने टिम मिल्दैन र संस्थाको प्रगति हुँदैन।

(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्) (मधेश दर्पण फिचर सेवा)


# टेलिकमको एफटीटीएच सेवा

काठमाडौं । नेपाल टेलिकमले नेपालभर विभिन्न स्थानहरुमा तीव्र गतिको डाटा र भ्वाइस सेवा समेत चलाउन मिल्ने एफटीटीएच अर्थात फाइबर टु द होम सेवा उपलब्ध गराइरहेको छ। काठमाडौं उपत्यकाबाट वितरण प्रारम्भ गरिएको एफटीटीएच सेवा हाल नेपालभर २५ जिल्लाका विभिन्न स्थानमा उपलब्ध छ।

काठमाडौंमा यो सेवा कीर्तिपुर कार्यालय अन्तर्गत भत्केकोपाटी रुट, एक्सचेन्ज एरिया, नगाउँ दोबाटो चोक, नगाउँ, कीर्तिपुर विहार, कीर्तिपुर, कीर्तिपुर ढोकासी, चिखु प्लानिङ, कुमारी क्लब र ट्याङ्लाफाँट क्षेत्रमा यो सेवा वितरण भइरहेको छ। त्यसैगरी गोंगबु कार्यालय अन्तर्गत चमती, गोंगबु चोक रिङरोड, खुशिबु टाउन प्लानिङ, खुशिबु नयाँ बजार र बसुन्धरा क्षेत्रमा सेवा वितरण भइरहेको छ। नक्साल एक्सचेञ्जबाट पुतलीसडकमा कुमारी बैंकको विपरित क्षेत्र, पुतलीसडक, स्टार मल, डिल्लीबजार, डिल्लीबजार पिपलबोट, चारखाल, ज्ञानेश्वर, घट्टेकुलो, मैतीदेवी, खसीबजार र कृष्ण पाउरोटी क्षेत्रमा एफटीटीएच सेवा उपलब्ध छ।

छाउनी कार्यालय अन्तर्गत कालिमाटी, ताहाचल, छाउनी, बाफल र गाईबाच्छा पाटी क्षेत्रमा र नैकाप अन्तर्गत सिभिल होम्स तीनथाना, अर्किड कोलोनी, ढुंगेअया तथा ढुंगेअया देखि तीनथाना क्षेत्रमा यो सेवा वितरण भइरहेको छ। सुन्धारा कार्यालयबाट ठहिटी चोक, भेडासिंह, असन, वागदरबार र टेकु तथा हात्तिगौडा अन्तर्गत बसुन्धरा, महाराजगञ्ज, भाटभटेनी सुपरमार्केट नजिक, सुकेधारा र धुम्बाराही नजिक क्षेत्रमा यो सेवा उपलब्ध छ। बबरमहल कार्यालय अन्तर्गत अल्फा बिटा नजिक, बीआईसीसीको उत्तर, ह्वाइट हाउस नजिक र भेनस हस्पिटलको विपरित क्षेत्रमा यो सेवा उपलब्ध छ। त्यसैगरी ठिमी(गोठाटार) अन्तर्गत नमुना चोक, सनराइज चोक, काँडाघारी चोक नजिक र सनसिटी तथा चाबहिलमा कार्यालय नजिकको क्षेत्रमा यो सेवा उपलब्ध छ। ललितपुर जिल्लामा सैंबु, पाटन र ठैब कार्यालयबाट एफटीटीएच सेवा वितरण भइरहेको छ। सैंबु अन्तर्गत सैंबु कार्यालय, विनायक कोलोनी, जनता आवास र कार्य्विनायक तथा पाटन कार्यालय अन्तर्गत बखुन्डोल नजिक, सानेपा चोक, झम्सिखेल, घुसिंगाल, कुपन्डोल र कानदेवता स्थानमा यो सेवा उपलब्ध छ। त्यसैगरी ठैब कार्यालय अन्तर्गत झरुवारासी, नयाँ बस्ती र दमाईटारमा यो सेवा उपलब्ध छ।

## गजल



मिसरा ए उला मिसरा ए सानी।
गजल प्रयास यो जानी नजानी।

कापीकलम टिपें लेख्छु भनेर,
बहर खोज्दैमा बित्यो जिन्दगानी।

खोज्दैछु शब्द ती अनुप्रास युक्त,
काफिया मिलेन भएँ पानीपानी।

मक्तामा पुग्नु बहुत दूर बात,
मतला नमिल्दै खेर गो जवानी।

गजलकार म ? टोलाएर बस्छु,
शेरमा रदिफको छुट्टै कहानी।
बुझौं है गजलको सूत्र बयानी।

दुर्गा अधिकारी भमरकोटे।

## सभ्य बोल



पानी जती विनाले खाइन मेलम्चीको हेर
सभ्य बोल्ने भएदेखी सन्चार मन्त्री फेर
दुईतिहाइको सरकारलाई जनताले हेपेकै हो
नेकपाका सबैजना मेडिकल माफिया संग झुकेकै हो।

सरकार नेकपाको सबै भन्दा धनि मानी हेर
करोड जाने पजेरोनी ३,३ महिनामा फेर
कस्तो खाले कम्युनिष्ट हो भ्रष्टलाई मात्र साथ दिने
दलालि र ठेकेदारको घरको मार्सी भातमासु लिने।

नेपालका कम्युनिष्टहरु धेरै धेरै धनिमानी
करौडौको खाने गर्छन विदेशको पानी
आफ्नो पार्टिको रैछ भने बालुवाटारै दिने
विपक्षीको पर्‍यो भने अख्तियार लगाई दिने।।

नेपालका जस्ता धनी कम्युनिष्ट कुन राष्ट्रमा रैछ
२,२ घर करौडोको पजेरो निजी हुँदो रहेछ।
जनतालाई खान छैन नेता सधै विदेश धाउने
पर्ति जग्गा देख्यो भने कायकर्ताले पाउने।

जनतालाई धम्काउने सन्चार मन्त्री पर्‍यो
फेरी गुठी विधेयक ल्याएर पतन हुनेकाम गर्‍यो।
जंगली भाषा बोल्ने सरकारमा बस्ने हरु
सिधा साधा जनताले सिटामोल नपाई मर्ने बरु।

कृष्ण बहादुर बोगटी काका
धुम्बाराही ४, काठमाण्डौ
हाल चक्रबहिल १२, ललितपुर

हाम्रो चाहना लागू औषत रहित, स्वस्थ्य र सुखी जीवनको कामना

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४–०६५ गो.हु.का. द.नं. १२/०७५/०७६



## स्वाभिमान......

लिएर २०६२ साल मंसिर ७ गते दिल्लीमा गइ माओवादी र अन्य सातदलले वार्ता गर्नुले नेपाललाइ अस्थिरता ल्याउन भारतवाट नै परिचालित पार्टीमा त्यतिवेलाको जनयुद्ध लडिरहेको माओवादी पनि त्यस्तै रहेछ भन्ने पुष्टि भइसकेको थियो । त्यसको पुनः पुष्टि यतिवेला डबल नेकपाका अध्यक्ष प्रचण्डले भारतले नेपालको भुभाग मिचेको बिषयमा अन्तराष्ट्रिय अदालत जादा खतरा भन्दै भारतको बचाउ गरेवाट प्रष्ट भएको छ ।

यस्ता धोकेबाज प्रचण्ड अगाडी देखिका र प्रचण्ड पछाडीसम्म लाइनमा रहेका बिभिन्न पार्टीमा भएका जाली, ढटुवाहरुलाइ सधैका लागि सत्तावाट फालेर नयाँ जोस जागर जसले देश बनाउने अठोट र संकल्प गर्छ, देशलाइ अल्पकालीन, मध्यकालीन र दिर्धकालीन तीन तहको नीति बनाएर २० बर्षमा सम्पन्नशाली देश बनाउने बिश्वाशिलो आधार जसले पेश गर्न सक्छ त्यस्तो ब्यात्तिलाइ राष्ट्रको नेतृत्व चयन गर्न भनेर नेपालीहरुले माग गरिरहेका छन् ।

राणा साशन कालमा नै गाडिएका नेपाली जङगे पिलरहरु संक्षण गर्न नसक्ने प्रजातन्त्र, गणतन्त्र के के तन्त्रले नेपाल र नेपालीको हित गरेको देखिएन ।

उधोग कलकारखाना सवै बन्द गरेर प्रजातन्त्रको ढोल पिट्नेहरु भारतीय कारखानामा बनेका कोट पैन्ट लगाएर स्वाभिमानको प्रशिक्षण दिइरहेका हुन्छन् तिनिहरुकै कारणले बेरोजगार बनाइएका युवाहरुलाइ यो प्रजातन्त्र यो समाजवादी व्यवस्था भन्दै आवाश्यक नभएका बिषयमा युवा युवा बीचमा लडाइ गराएर ति पार्टीका नेता भन्नेहरु रमिता हेर्छन , यस्ता प्रबृतिको अन्त्य गरेर

नेपाल राष्ट्रमा नै ठुला ठुला उधोग कारखाना खोलेर लाखौ युवाहरुलाइ रोजगार दिने र आफ्नै देशमा बसेर जन्मदिने आमालाइ सधै खुसी राख्न सक्ने वातावरण बनाउन देशभक्त नेपालीहरुले चाहेका छन् ।

राणा साशन कालमा नै उत्खनन् भएका फलाम, तामा लगायत खानीहरु बन्द गरेर सधै परर्निभर हुनु पर्ने बाध्यता नेपालीहरुमा थुपारिएको छ । ति नेपालका बन्द गरिएका फलाम खानीहरु पुनः उत्खनन गरेर आफ्नै देशको फलामले घर बनाउने चाहाना नेपालीहरुले राखेका छन् ।

जङ बाहादुर राणाले बेलायत भ्रमण गर्दा नेपाल मै फलाएको अन्नको सातु, पिठो, धिउ, मह बोकेर बेलायत भ्रमणमा आफ्नै खान्की खाएको इतिहास सवैलाइ थाहा छ । प्रजातन्त्र स्थापना पछि कृषिप्रधान देश भनेर रट्न लगाउने तर किशानको समस्या कहिल्यै नदेख्ने किशानले उत्पादन गरेको खद्यन्न बजारको अभावमा भकारोमा नै कुहिएर जाने शहर बजारमा भने बिदेशमा उत्पादन भएका म्याद गुज्रिएका गुणस्तरहिन खाद्य बिक्री गर्ने व्यवस्था नेपालीले रुचाएका थिएनन् । छैनन् । परिस्थितिको सिकार नेपालीहरु भइनै रहेका छन् ।

नेपालमा नेपालीहरु कृषि क्रान्त्रि चाहान्छन् । कृषिको नाममा भाषण गर्ने क्रान्त्रि होइन । ठुला ठ्ला सिचांइ नहर बनाएर सुख्खा ठाउहरुमा सिचांइ पुर्‍याइ बाह्रै महिना अन्न, फलफुल,तरकारी लगाइ उत्पादन बढाएर आफ्नै देशका नेपालीलाइ सस्तो, ताजा खानेकुरा उपलब्ध गराउने क्रान्त्रि नेपालीहरुले चाहेका छन् ।

राणहरुले बनाएका घरभित्र सरकारी कार्यलय राखेर राणाहरुको बिरोध गर्दै सत्ताको रस चाख्नेहरुले नेपालमा कुनै त्यस्तो उल्लेख गर्न लाएक भवन बनाएका छैनान् ।कतै कतै वनाएका पनि ६ महिना पुग्न नपाउदै चर्केको देखिने, पानी चुहिने, पुल बनाउछन् भासिने, २ बर्षमा बनाइसक्नु पर्ने योजनाहरु समय थप्दै १० सौ बषौसम्म सम्पन्न नगर्ने प्रबृति देखियो । आधुनिक भनिएको ढल, पानीको पाइप, समस्या आएर बषैपिछे बनाउनु पर्ने र खन्नुपर्ने प्रबृति देखियो जवकी राणाकालीन अवस्थाका नहर ढल सय वर्ष कटिसक्दा समेत कतै जाम भएको देखिएन ।

त्यस्तै राणाकालीन व्यवस्थाले भवन, नहर, स्कुल, जलबिधुत,प्रेसको स्थापना गरेर मानव बिकाशको अभ्याश गरे जस्तै गरी नेपाललाइ आधुनिक नेपाल बनाउने देशभ क्त, राष्ट्रवादी इन्जिनियर जो नेपालका अरनिको को कलाले बिश्व चकित भएजस्तै नेपालमा अहिलेका नेपाललाइ माया गर्ने नेपाली इन्जिनियरहरुको डिजाइनमा नेपालकै निर्माण व्यवसायी साथै राष्ट्रिय योजना आयोगवाट तर्जुमा भएका योजनाहरुलाइ राजनीतिक हस्तक्षेप बाट मुक्त गरेर सिंगो देशलाइ समेट्ने ठुला ठुला आयोजनाहरु निर्माण समयमा नै गरेर धेरै भन्दा धेरै बिधुत उत्पादन गरी सर्वसाधारणलाइ निशुल्क उधोग कलकारखानालाइ बिश्वमा नै सस्तो बिजुली दिएर राष्ट्रिय तथा अन्तराष्ट्रिय कम्पनीलाइ प्रत्साहन गरी लाखौ लाख युवाहरुलाइ रोजगार सृजना गर्ने वातावरण बनाउने चाहाना नेपालीहरुको रहेको छ ।

यि माथि उल्लेखित नेपालीहरुको चाहानाहरु पुरा गरेर आर्थिक रुपमा सम्पन्न, आधुनिक बिकाश र नेपालीलाइ अनिवार्य ६ महिना सैन्य तालिम साथै नेपालको सुरक्षा सम्बन्धि सफ्टवेयर निर्माण गरेर रोबोट युद्धको बिकाश गर्न सक्ने क्षमता बनाउनु पर्दछ ।

त्यतिवेला इन्डियाले हाम्रो भुमि नछाडि सुख नै पाउदैन । हो त्यो योजना नेपालीहरुको छ । त्यतो बिकाश नेपालले गर्न नसकोस भनेर भारतले कहिल्य काग्रेस, कहिले एमाले, हुदाहुदा माओवादी जनयुद्धको नाममा १७ औ हजार भन्दा बढी मानवीय क्षति भौतिक संरचनाको क्षति गदै आन्तरिक द्धन्द्धमा फसाएर नेपाललाइ नेपाललाइ बिकाश गर्ने बाटो रोक्न सफल भएको थियो ।

नेपालका केही अर्ध चेत भएका नेताहरुलाइ उचालेर जहिले पनि नेपालमा भारतले हिंसा राप्ने काम गदै आएको देखिएको छ । नेपालमा जुन जुन ठुला पार्टी भनेर चिनिएका छन् ति सवै भारतीय भुमिमा स्थापना भएका पार्टीहरु हुन् । तिनिहरुले नेपालको लागि होइन भारतीयहरुको योजनामा काम गरेको सहजै देखिन्छ ।

पछिल्लो समयको उदारण कालापानी, लिपुलेकको बिषयमा आवाज उठाइरहेका सीमाविद बिज्ञहरु तथा भुगोलविद, इतिहासकारहरुले नेपालको भुभाग मिचिएको हो भनु प्रमाण दिदा त्यसको प्रतिउत्तर गर्ने ढङगवाट केहि मान्छेहरु पचािलन गरि देशभक्तहरुको तार्किक र तथ्यमा आधारित लाइनलाइ अन्तै मोड्न भारतवाट पालित पोषित पार्टीका बिद्ययार्थी जस्ता देखिने तर कहिल्यै क्याम्पसमा नदेखिने समूहले नेपाली एकतालाइ बिभाजन ल्याउन खोजिएको देखिएको छ ।

त्यस्ता राष्ट्रविरोधि कार्य गर्नेहरुको पनि पहिचान गदै तिनिहरुले राष्ट्रलाइ नोक्सान पुग्छ भन्ने नजानेर वा जानेर पनि पार्टीको निर्देशनमा त्यस्तो कार्य गर्नेहरुलाइ बुद्धिमतापूर्वक सम्झाउनु पर्दछ । तत्कालीन, मध्यकालीन र दिर्धकालीन सोच राखेर नेपालको भुभाग फिर्ता गर्नु सवै नेपालीको कत्व्य हो । त्यो प्रप्त गर्नलाइ थोरै मेहनतले पुग्दैन । धेरै मेहनत गर्नुपर्छ आजैवाट नेपाललाइ सक्तिशाली बनाउने संकल्प गदै धेरै मेहनत गरौं ।

## देउवा..

आइतबारको केन्द्रीय समिति बैठकमा पनि उपस्थित भएनन् । नेता पौडेल पक्षको उपस्थिति नभए पनि बैठक नियमित सञ्चालन भएको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो । नेता पौडेल पक्ष निर्धारित समयमै पार्टीको १४औं महाधिवेशन गर्नका लागि दबाब दिन महाधिवेशनको कार्यतालिका तत्काल सार्वजनिक गर्नुपर्ने अडानमा छ । सभापति शेरबहादुर देउवा पक्ष भने विधानको सुविधाअनुसार एक वर्ष कार्यावधि थप्ने तयारीमा देखिन्छ ।

पार्टीको विधानअनुसार नियमित समयमा महाधिवेशन भए आगामी फागुनमा १४औं महाधिवेशन हुनुपर्ने हो । तर अहिलेसम्म महाधिवेशनका लागि कुनै तयारी नदेखिएकाले विधानअनुसार वर्तमान केन्द्रीय समितिको अवधि एक वर्ष थपिने लगभग निश्चित छ ।

कांग्रेसको १३औं महाधिवेशन विसं २०७२ फागुनमा काठमाण्डौमा सम्पन्न भएको थियो । कांग्रेसको विधानको दफा ४३ मा पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुने उल्लेख छ । साथै त्यही दफामा असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले त्यसको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्ने व्यवस्था उल्लेख छ ।


कांग्रेसले देशको संघीय संरचनाअनुसार पार्टीका साङ्गठनिक एकाइ गठन गर्ने कार्य अन्तिम चरणमा पुगेको जनाएको छ । पार्टीले परिमार्जित विधानअनुसार प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन क्षेत्र, गाउँ/नगरपालिका एवं वडा समितिको अन्तरिम समायोजनसम्बन्धी निर्देशिका बनाइ कार्यान्वयन गरेको हो । गएको मंसिर २६ गतेको केन्द्रीय समिति बैठकमा केन्द्रीय निर्वाचन समितिले अन्तरिम समायोजनसम्बन्धी सम्पन्न भएका र बाँकी कार्यका बारेमा अवगत गराएको थियो । समयमै केही जिल्ला सभापतिहरूले बैठक बोलाउन नसकेका कारण अन्तरिम समायोजनसम्बन्धी कार्यमा ढिलाइ भएको केन्द्रीय निर्वाचन समितिको आरोप छ । समायोजन बाँकी रहेका जिल्ला समितिले समयमै बैठक बोलाइ सहजीकरण गरे अबको एक हप्तामै समायोजनको कार्य सम्पन्न हुने समिति सचिव केशव रिजालले जानकारी दिनुभयो ।

पार्टी केन्द्रीय समितिले यसअघि सबै जिल्लालाई गएको मंसिर २५ गतेभित्र समायोजनको कार्य सम्पन्न गर्न निर्देशन गरेको थियो । गएको मंसिर २६ गतेको बैठकमा यस बाहेक विधानमा उल्लेखित २८ विभागलाई बढाएर ४१ पुर्‍याउने, उपनिर्वाचनको समीक्षालगायत प्रस्ताव प्रस्तुत गरिएको थियो । त्यस्तै भातृ एवं शुभेच्छुक संस्थाका विधानको सैद्धान्तिक एकरूपता समितिको प्रतिवेदन, नेपाल तरुण दलद्वारा आफ्नो केन्द्रीय समितिको समयावधि ६ महिना थप गरेको निर्णयलाई अनुमोदनलगायत प्रस्ताव बैठकमा प्रस्तुत गरिसकिएको छ ।

## सिन्धुपाल्चोक...

मनाउन पालिकाभित्र सोमबार सार्वजनिक बिदा दिने निर्णयसमेत गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

यसैबीच मृतकमध्ये सात जनाको शव आफन्तले बुझेर लगेका छन् । मृतकमध्ये सनाखत हुन नसकेको शव मेलम्ची नगरपालिका ढाँडखोला निवासी ३३ वर्षीया सुनिता तामाङको भएको खुलेको छ । दुर्घटनामा घाइते १९ मध्ये ह्याम्स अस्पतालमा १४, नर्भिक अस्पतालमा दुई, काठमाडौं मेडिकल कलेज सिनामङ्गलमा एक, धुलिखेल अस्पतालमा एक र सिन्धु सदाबहार अस्पतालमा एकजनाको उपचार भइरहेको छ ।




मेगा बैंक नेपाल लिमिटेड
MEGA BANK NEPAL LIMITED




धन्यवाद ज्ञापन

मेगा नमस्ते! मेगा बैंक नेपाल लिमिटेडलाई बेलायतको विश्वविख्यात पत्रिका "The Banker" ले सन् २०१९ को लागि अन्तर्राष्ट्रिय स्तरमै प्रतिष्ठित "Bank of the Year 2019, Nepal" बाट सम्मानित गरेको अवसरमा बैंकको सफलता एवं उपलब्धिमा आफ्नो सहयोग तथा साथद्वारा महत्वपूर्ण योगदान पुर्‍याउनु हुने हाम्रा सम्पूर्ण ग्राहकवर्गहरु, शेयरधनीमहानुभावहरु, कर्मचारीहरु, नियामक निकायहरु, सञ्चार जगत लगायत शुभेच्छुकहरु प्रति सहृदय आभार प्रकट गर्दै कृतज्ञताका साथ हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

विश्वास जित्दै... अघि बढ्दै...

MEGA BANK NEPAL LIMITED मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लिमिटेड, राइजिङ मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९, फोन: ९७७-१-४१६९२५०, फ्याक्स: ९७७-१-४१६९२६०

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस